
# नेपालको पहिलो निर्वाचित स्थानीय सरकार : काठमाडौँ म्युनिसिपलिटीको गठन र "पतन"

**लोकरञ्जन पराजुली**

आफूलाई बारम्बार "दुनियाँको एक सेवक" भन्ने (गोरखापत्र २००३घ : १) नेपालका दोस्रो-अन्तिम राणा शासक पद्म शमशेरले आफू शासनमा आएको डेढ सालजति पछि जेठ ३, २००४ मा आफ्नो निवास (विशालनगर दरबार) मा सभा बोलाई एक भाषण दिएका थिए । सो भाषण टुँडिखेलमा ध्वनिविस्तारक यन्त्र (लाउडस्पीकर) बाट सुन्न मिल्ने गराइएको थियो भने रेडियोबाट समेत प्रसारण गरिएको थियो (गोरखापत्र २००४क : १; तस्बिर १) । उक्त भाषणमा पद्म शमशेरले अन्य विभिन्न कुराका अतिरिक्त "सदर र देशभरिका विभिन्न जिल्ला इलाकामा निर्वाचित म्यूनिसिपलिटि र डिस्ट्रिक्टबोर्ड खडा गरी **स्थानीय अधिकार** सुम्पिदिनेछौं । यस विषयमा स्थानीय संस्थाहरूलाई दिइने अख्तियार र सीमाहरू, उनले काम चलाउन चाहिने आमदानी उठाउने बन्दोवस्त इत्यादि कुरामा पनि सुधार समितिले आयोजना गर्नेछन्" भने (गोरखापत्र २००४ख : १; मूल प्रतिमै जोड दिइएको) ।

पद्म शमशेरले यो भाषण गरेको तीन हप्ता जतिपछि (जेठ २४ मा) *गोरखापत्र*मा एउटा "इश्तिहार" प्रकाशित भयो, जसले त्यसको पाँचौं दिन (अर्थात् जेठ २९) मा नै काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन हुन लागेको जानकारी दिन्छ (गोरखापत्र २००४च : १) । सुधारको पहिला किस्ता स्वरूप "भरमुलुकमा निर्वाचित म्युनसिपलिटीहरू खडा गर्न चाहे पनि सबै ठाउँमा एकैचोटी निर्वाचनको काम गर्न नभ्याउने" भन्दै पहिले काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन गरिएको थियो । *गोरखापत्र* (२००४झ : २) ले "इतिहासमा स्वर्णाक्षरले अंकित हुने कुरा" भन्दै स्वागत गरेको, तर हतार-हतार गठन गरिएको यो म्युनिसिपलिटीले विभिन्न काम-कारवाही गरेको भए तापनि ऊ आफै चाहिँ स्थीर वा दीर्घायु देखिँदैन । एक वर्ष पुग्दा-नपुग्दा १२ ओटा वडाका निर्वाचित प्रतिनिधिले राजीनामा दिएकाले ती स्थानमा पुनःनिर्वाचन गर्नुपर्ने परिस्थिति निम्तिएको थियो; अनि पुनःनिर्वाचनमा उम्मेदवारीसमेत नपरेकाले म्युनिसिपलिटी पङ्गुसरह भएको थियो ।

नेपालको पहिलो म्युनिसिपलिटीको निर्वाचन एवम् गठन, त्यसको साङ्गठनिक ढाँचा र काम-कारवाही आदिबारे विस्तृत रूपमा पढ्न पाइएको छैन । काठमाडौँ महानगरको



# श्री ३ महाराजको भाषण

ज्येष्ठ २ गते (शुक्रबार) का दिन ३।२० बजे प्रजाहरूसित श्री ३ महाराजको एउटा महत्वपूर्ण भाषण हुने भएको छ ।

उहाँ भएका सबै जना [illegible]मा जाने कार्यक्रम छ । घर बस्न चाहनेहरूले बिजुलीघरका अगाडि टुँडिखेलमा ध्वनिविस्तारक (लाउड स्पीकर) यन्त्रद्वारा सुन्ने पनि हुनेछ ।

ज्येष्ठ ४ गतेका दिन १ बजेर १५ मिनेट जाँदा नेपालबाट बेलिन रेडियोले पनि ३४ मिटरमा त्यही भाषणलाई दोहोर्‍याउनेछ ।

शुक्रबारको यो भाषणसमेत गो. प. मा छापिने हुनाले साविकबमोजिम शुक्रबार बिहान प्रकाशित हुने गो. प. शनिवार बिहानमात्र प्रकाशित हुनेछ ।

—सम्पादक ।

*तस्बिर १ : पद्म शमशेरको भाषणसम्बन्धी सूचना (गोरखापत्र २००४क : १) ।*

इतिहासबारे सङ्क्षिप्तमा लेखिएका स-साना सामग्री वा प्रसङ्ग केही पुस्तक, छापा मिडिया र अनलाइनमा पाइन्छन्, तर प्रायः ती सामग्रीमा कहीँ मिति, कहीँ नाम, कहीँ पदजस्ता जानकारीसमेत गलत भेटिन्छन् ।[1] केहीले त २००७ सालमा प्रजातन्त्र आइसकेपछि २०१० सालमा निर्वाचन भएर गठन भएको नगरपालिकालाई नै आधुनिक काठमाडौँ महानगरको

[1] उदाहरणका लागि, पहिलो म्युनिसिपलिटीका सदस्य रहेका र इतिहासका पुस्तकसमेत लेखेका भुवनलाल प्रधान र म्युनिसिपलिटीका अर्का सदस्य शेषराज दली दुवैले आफ्ना पुस्तकमा सो संस्थाबारे उल्लेख गरेका छन् । तर, दुवैले चैत २००३ मै म्युनिसिपलिटीको निर्वाचन सम्पन्न भइसकेको लेखेका छन् (प्रधान २०४७ : २५२; दली २०५७ : २८), जुन गलत देखिन्छ । दली (२०५१ : १११) ले सरकारबाट मनोनीत १५ सदस्य सहित ३६ जना रहेको म्युनिसिपलिटी भनेका छन्, जबकि मनोनीत सदस्यको सङ्ख्या मात्र १० हो । निर्वाचित सदस्य भनेर प्रधानले दिएको सूचीसमेत सही छैन । यद्यपि, आफूले सम्झनाको भरमा लेखेकाले सूचीमा तलमाथि परेको हुनसक्ने उनले पुस्तकमा उल्लेख गरेका छन् । आफ्नो पुस्तकमा दलीले एक ठाउँमा जम्मा १८ वडामा निर्वाचन भएको लेखेका छन् (दली २०५७ : २८) भने अर्को ठाउँमा २१ जना निर्वाचित सदस्य लेखेका छन् (दली २०५७ : ७३) । त्यस्तै, *नेपालको निर्वाचन इतिहास* पुस्तकमा पनि पहिलो स्थानीय निर्वाचनबारे केही जानकारी पाइन्छ । तर उसले दिएको मतदाता सङ्ख्या पनि गलत छ (निर्वाचन आयोग २०७३) । हृषिकेश शाह (सन् १९९० : १८०) ले शङ्करदेव पन्त र पूर्णबहादुर एमएलाई म्युनिसिपलिटीको क्रमशः चेयरमेन र भाइस चेयरमेन चयन भएको उल्लेख गरेका छन् ।

प्रारम्भिक स्वरूपको रूपमा लिएको पाइन्छ ।[२] काठमाडौँ महानगरपालिका स्वयंले पनि आफ्नो वेबसाइटमा आफ्नो इतिहासबारे खासै उल्लेख गरेको पाइँदैन । त्यसैले, यो लेखको केन्द्रमा नेपालको इतिहासमै पहिलो पटक भएको सोही स्थानीय निर्वाचन, तत्पश्चात गठित स्थानीय सरकार (काठमाडौँ म्युनिसिपलिटी), र त्यस संस्थाले गरेका गतिविधि छन् । साथै, मूल रूपमा, कुनै वैधानिक जगबिना किन म्युनिसिपलिटीको गठन गरियो, र सो के कारण असफल भयो भन्नेजस्ता प्रश्नको जवाफ पनि यो लेखमा खोजिएको छ । नेपालको पहिलो म्युनिसिपल वा स्थानीय सरकारको निर्वाचन वा गठन प्रक्रिया, र सो संस्थाका काम-कारवाहीको फेहरिस्तसमेत यो लेखले पस्कन्छ ।

वैशाख २००४ मा "सुधार समिति" गठन भई नयाँ संविधान बनाउने उपक्रम चल्दैगर्दा कुनै वैधानिक आधार तयार नगरी यो म्युनिसिपलिटीको निर्वाचन जेठमा गरिएको थियो । माघ १३, २००४ मा बल्ल संविधान सार्वजनिक गरियो, जुन वैशाख २००५ देखि कार्यान्वयनमा आउने भनिएको थियो । म्युनिसिपलिटी (पछि नगर पञ्चायत भनिएको) कै कानून त २००७ सालको वैशाखमा मात्र बनाइयो । त्यसैले, हतार-हतार कुनै संवैधानिक वा कानूनी आधारबिना म्युनिसिपलिटी गठन गर्नुको पछाडि तात्कालिक सरकारलाई "सुधारको क्रम शुरू गरिएको" देखाउनपर्ने बाध्यता (आन्तरिक र बाह्य कारणले गर्दा) भएको तर्क यो लेखको छ । साथै, सो संस्थाले वाञ्छित काम गर्न नसक्नु र अन्ततः अकर्मण्य बन्नुमा सो संस्थालाई अधिकार- र रकम-सम्पन्न तुल्याउनमा शासकहरूको अरुचि मुख्य कारण हो भन्ने तर्कसमेत यो लेखमा गरिएको छ ।

मूलतः *गोरखापत्र* र अन्य पत्रिका (*शारदा, उदय, उद्योग, साहित्य-स्रोत* आदि) का अभिलेख, र विभिन्न व्यक्तिका आत्मकथा, जीवनी, स्मृतिग्रन्थलगायत अन्य पुस्तक र भारतीय अभिलेखागारका सामग्रीमा आधारित यो अनुसन्धानमूलक लेख चार खण्डमा बाँडिएको छ । पहिलो खण्डमा पद्म शमशेरको शासनअघिको नेपालको "म्युनिसिपल गभर्नेन्स" बारे चर्चा गरिएको छ । दोस्रो खण्डले पद्म शमशेरको पालाको (अर्थात् २००४ सालको) म्युनिसिपल निर्वाचनबारे बेलिविस्तार लाउँछ । निर्वाचित म्युनिसिपलिटीका गतिविधि र उसले बनाएका नीति-नियमहरूको सामान्य चर्चा तेस्रो खण्डमा गरिएको छ । निर्वाचन भएको एकै वर्षभित्र सो संस्था अकर्मण्य (डिफंक्ट) हुन जानुका कारणहरू चौथो खण्डमा खोतलिएको छ । अन्तमा निष्कर्ष खण्ड छ ।

[२] हेर्नुहोस्, जनकमान श्रेष्ठको निधनपछि विभिन्न पत्रपत्रिका/अनलाइनमा प्रकाशित सामग्री । बिकिल स्थापित (२०७६) को पुस्तकको शीर्षक *हराएको इतिहास : जननिर्वाचित प्रथम मेयर तथा न्यायाधीश जनकमान श्रेष्ठको जीवनगाथा* छ । २०१० सालमा भएको निर्वाचनपछि श्रेष्ठ मेयरमा चुनिएका (वडाध्यक्षहरूको आपसी चुनावबाट) थिए । सो पुस्तकमा त्यसअघिको नगरपालिकाको प्रबन्धबारे केही उल्लेख छैन ।

## नेपालमा म्युनिसिपल गभर्नेन्सको पद्म शमशेरको शासनअघिको इतिहास

काठमाडौँ महानगर नेपालको सबैभन्दा ठुलो (जनसङ्ख्या र आर्थिक हिसाबले) र महत्त्वपूर्ण सहर त हो नै, यो नेपालको राजधानी पनि हो। सांस्कृतिक रूपले अत्यन्तै सवल र समृद्ध यो सहरको इतिहास शताब्दीऔँ पुरानो मानिन्छ (तिवारी सन् २००२)। सहरको रूपमा या राजधानीको रूपमा निक्कै पुरानो भए पनि यसको "आधुनिक" सङ्गठनात्मक संरचना चाहिँ धेरै पुरानो छैन। नेपालमा म्युनिसिपलिटी या हामीले जेलाई नगर/गाउँपालिका भन्छौँ त्यसको इतिहास धेरै लामो छैन। तथापि, खास गरी उपत्यकाका सहरहरूमा सहरलाई सफा-सुग्घर राख्नलाई सफाइ अड्डा गठन गरिएको पाइन्छ। पहिले (राणाकालअघि) छेभडेल अड्डा पनि भनिने यी कार्यालयहरूलाई काठमाडौँका हकमा राणाकालमा सफाइ अड्डा भनिएको तथा भक्तपुर र ललितपुरका हकमा भने पछिसम्म पनि छेभडेल अड्डा नै भनिएको पाइन्छ। यी अड्डाबाट फगत सडकका गल्ली सफा गर्ने कामसम्म भएको, तर "दुनियाँहरूको घर-चोक, या चर्पी, नाला सफा गर्न लगाउने इन्तिजाम" सम्म पनि हुन सकेको थिएन (हेर्नुहोस्, गोरखापत्र २००७क : १)।

पुस २, १९७६ मा काठमाडौँमा सफाइ अड्डाको स्थानमा म्युनिसिपल गोश्वारा (अड्डा) खडा गरिएको थियो (पाँडे २०७१[२०४०]: ११०; प्रधान २०४७)।[३] र, पहिलेको सफाइ अड्डालाई यो नयाँ अड्डा मातहत ल्याइएको थियो। नयाँ अड्डाले गर्ने काम या कार्यक्षेत्र पनि विस्तार गर्न खोजिएको थियो। यद्यपि, यसको मुख्य केन्द्रमा "स्यानिटेशन" (सरसफाइ-स्वास्थ्य) नै थियो। म्युनिसिपलिटी अड्डा खडा भइसकेपछि दुनियाँका घरचोक सफा-सुग्घर राख्ने क्रममा जो निर्माण वा मर्मत गर्नुपर्ने हुन्छ त्यसमा घरधनीहरूले कति लगानी गर्ने र सरकारको के-कति भूमिका/लगानी रहने भनेर नीति-नियम बनाउन खोजिएको थियो। यस क्रममा भोटाहिटी क्षेत्रदेखि काम शुरू गरियो। र, सो टोलका सात जना भलादमीहरूलाई "मेम्बर मुकर्रर" गरियो। यी मेम्बर र सरकारले तोकेका "चेयरम्यान, भाइस चेयरम्यान, इन्जिनियर" र म्युनिसिपलिटी अड्डाका हाकिम बसी नियमित छलफल गरी राय मिलाएर म्युनिसिपलिटीका नियमबमोजिम काम चलाउने, सफा-सुग्घर राख्ने व्यवस्था गरियो। तर, "म्यूनिसिपलबाट पूरा तवर संग राम्रो हिसाब संग काम हुन" सकेन (गोरखापत्र २००७क : १), र यो प्रयास अलपत्र पऱ्यो, यद्यपि म्युनिसिपल अड्डा कायमै रह्यो।


[३] यो अड्डा खुल्नुमा केशरसिंह गुरुङको लिखित सुझाव जिम्मेवार भएको गोपाल गुरुङ (सन् १९८५) ले लेखेका छन्। नेपालमा १९८७ सालमा पञ्चायत गोश्वारा पनि स्थापना भएको वैद्य र मानन्धर (२०५३ : १७८) मा उल्लेख छ, तर त्यसबारे थप विवरण त्यहाँ दिइएको छैन। वि.सं. १९९९ मा गाउँ पञ्चायतसम्बन्धी इश्तिहार र रुक्का जारी भएको *नेपालको निर्वाचन इतिहास* पुस्तकमा उल्लेख छ (हेर्नुहोस्, निर्वाचन आयोग २०७३)।

रैती/दुनियाँलाई पनि म्युनिसिपल गभर्नेन्समा सामेल गर्ने यो पहिलो प्रयत्न असफल भएको तीन वर्षपछि पुनः अर्को प्रयत्न राणा-सरकारले गऱ्यो । यसपाली नौ जना "मेम्बर" हरू रैतीतर्फबाट छानिने भए । यसका लागि भोटाहिटी टोललाई चार भागमा बाँडी हरेक भागका घरका रैतीहरूले आफूहरू मध्येबाट एक मेम्बर छानी जम्मा चार मेम्बर छान्ने व्यवस्था गरियो । "म्युनिसिपलिटीका हदभित्रका टोलका रैतीहरूले छानेका" थप पाँचसमेत गरी जम्मा नौ जना रैती मेम्बर र सरकारतर्फबाट "मुक्रर भएको जागीरे ९ समेत सामेल राखी" चेयरम्यान, भाइस चेयरम्यान रहेको एउटा म्युनिसिपलिटी काठमाडौँमा गठन गरियो । यो म्युनिसिपलिटीलाई सरकारले पहिले दिँदैआएको खर्चमा वर्षको ५० हजारसम्म खर्च गर्नसक्ने प्रबन्धसमेत भयो । म्युनिसिपलिटीले निर्णय गर्नुपर्ने विभिन्न विषयउपर छलफल गर्दा सबै सदस्य एवम् पदाधिकारी बसेर गर्ने, कुनै विषयमा मत बाझिए बहुमतले निर्णय गर्ने, र बराबरी भएमा चेयरम्यानको राय जतातिर हुन्छ सोही निर्णय हुने व्यवस्थाको सवाल-सनद भएको थियो । तर, सरकारी "भर्सन" अनुसार, दुनियाँतर्फका मेम्बरहरूमध्ये केहीले यो प्रावधान मञ्जुर नगरेका र मञ्जुर गरेका मेम्बरहरूले पनि "छलफल गर्नु पर्ने भएका बखत आइ मन लगाई छलफल गर्ने नगरेकाबाट म्यूनिसिपल्टीका काम नियमबमोजिम राम्रो हिसाव सँग चल्न नसेकको" ले यो नयाँ प्रयोगले पनि कुनै गति लिएन (गोरखापत्र २००७ख : १) ।

रैतीलाई स्थानीय सरकारको गभर्नेन्स प्रक्रियामा सामेल गर्ने चन्द्र शमशेरकालीन प्रयत्न दु-दुई पटक असफल मानियो । र, असफलताका लागि मूलतः रैतीको "अरुचि" लाई दोष दिइयो । रैतीकै कारण चन्द्र शमशेरको शासनकालमा दोस्रो पटक असफल भए पनि म्युनिसिपल अड्डा कायमै रह्यो, र उक्त अड्डाको प्रारम्भिक काम सहरको सफाइ (स्यानिटेशन) मा खास गरी १९९० सालको महाभूकम्पपछि क्रमशः अन्य कामहरू थपिँदै गए (दीक्षित २०३६) । जुद्ध शमशेरको शासनकालमा तरकारी बजारको स्थापना, सडक विस्तार (बाटो चक्ल्याउने) र बस्ती विस्तार (ल्याण्ड डेभलेपमेन्ट अर्थात् ल्याण्ड-पुलिङ वा अहिलेको भाषाको प्लटिङ) जस्ता सहरीकरणसँगै आउने केही गतिविधि पनि म्युनिसिपलिटी अड्डा मातहत सञ्चालन भएको पाइन्छ । यससम्बन्धी केही सामग्री *गोरखापत्र*मा प्रकाशित छन्, जसबाट यो ज्ञात हुन्छ ।

उदाहरणका लागि, पुस १०, १९९९ को *गोरखापत्र*मा "नेपालको म्युनिसिपल" शीर्षकको सम्पादकीय प्रकाशित छ (तस्बिर २) । उक्त सम्पादकीयले नेपालमा म्युनिसिपलको प्रबन्ध भएको दाबी गर्छ । र, उसका अनुसार म्युनिसिपलको प्रबन्ध हुनु भनेको "नियमित सफाइ, पानी, सडक, नाली ढल, हाट बजार" आदि लोकोपकारी काम हुनु हो । *गोरखापत्र*का अनुसार "नियमित रूपले सहर सफाई, साधारण औषधि र आरोग्य-रक्षाको प्रबन्ध, पानीकल, बजार बन्दोबस्त, उत्तम पीच रोड, ढुंगा छापेको फुटपाथ, पक्की

ढल, आदर्श विल्डिङ् (महल) इत्यादि नेपालमा भै रहेको" थियो (गोरखापत्र १९९९क : २) । तर अन्यत्रजस्तो, उ थप्छ, "नेपालको म्युनिसिपलले पानीको तिरो, सडकको तिरो, कहाँसम्म भने सहरका जग्गाको अथवा घरको एक पैसा पनि तिरो लिने गरेको छैन ।" वर्षको लाखौँ रुपैयाँ आम्दानी हुने बाटोपट्टि नलागेर नेपालको अड्डाले खर्च मात्रै गर्नु तात्कालिक प्रधानमन्त्री जुद्ध शमशेरको उदारता भएको *गोरखापत्र* देख्तछ (गोरखापत्र १९९९क : २) ।



नेपालको म्युनिसिपल

आजको संसारमा जहाँ मनुष्य समा-ज छ त्यहाँ म्युनिसिपल अड्डा र त्यसको काम हुन्छ। जुन सहरमा म्युनिसिपलको प्रबन्ध अर्थात् नियमित सफाइ, पानी, सडक, नाली, ढल, हाट बजारको प्रबन्ध इत्यादि कैयन् लोकोपकारी कामहरु हुन्छ-न्; वास्तवमा मानवोचित सहर पनि त्यहि-नै हो।

*तस्बिर २ : नेपालमा म्युनिसिपल अड्डा भएको जानकारी दिने सामग्री (गोरखापत्र १९९९क : २) ।*

*गोरखापत्र*मा म्युनिसिपल अड्डाबारेको सम्पादकीय लेखिनुको सन्दर्भ चाहिँ म्युनिसिपल अड्डाले त्यस बखत बनाउँदै गरेको तरकारी बजार थियो । त्यतिखेर सो अड्डाका तैनाथवाला थिए, अर्जुन शमशेर राणा । ती हाकिमको कामलाई सह्राउँदै *गोरखापत्र* जुद्ध शमशेरको गुण गाउँछ : "सहरमा हरेक कुराको आवश्यक प्रबन्ध भैसकेपछि तरकारी पसलहरूको प्रबन्ध पनि प्रजावत्सल श्री ३ प्रभुबाट पूर्ण गराइ नै बक्स्यो । मध्यवर्षातको समय थियो तापनि तरकारी पसलका पक्की-टहराहरू धमाधम बन्न लागिरहेका थिए । यो कुराबाट पनि नेपालको नवजीवन कति चाँडो पूर्ण हुन लागिरहेछ भन्ने कुराको अनुमान गर्न सकिन्छ" (गोरखापत्र १९९९क : २) ।[४]

[४] तरकारी बजारको फाइदा *गोरखापत्र*ले यसरी गिनाएको छ : "कल्पना गरौं, एउटा फवञ्जारले एक डोको लप्सी बेच्न ल्यायो । उहिले भए ठीक भाउ पत्ता लगाउनका निम्ति त्यसले टोल टोलमा घुम्नु पर्दथ्यो तर अब तरकारी बजारमा आएर उभिनासाथ बेपारी र साधारण ग्राहक एक्कैचोटि ओइरिएर एक छिनका वीचमा त्यो डोको रित्याइदिन्छन् । गाउँले फवञ्जारले ठगिने अलिकति पनि

*गोरखापत्र*मा १९९९ सालमै छापिएको म्युनिसिपल अड्डाको अर्को एक सूचनाले सो अड्डाले गरेको/गर्ने अर्को काम—सडक विस्तार/ल्याण्ड डेभलपमेन्ट—लाई बताउँछ । "महाराज" को गुणगान गर्दै सो जग्गा-लिलामसम्बन्धी सूचनामा भनिएको छ :

> वर्तमान श्री ३ महाराजका उदय भएदेखिन दुनियाँहरूको सुविस्ताको लागि सहरका साना साना फोहर गल्ली बाटो समेत सबै धमाधम सफा हुँदैछ । खुला ताजा हावा नबगने कुनाकापचे जग्गामा अक्सर रोग-व्याध फैलिन्छ तसअर्थ हाल जुद्धसडकबाट खिचापोखरी निस्कने सानुबाटो पनि फराकिलो भै बन्न लागिरहेछ । सडक बनी बाँकीरहेको जग्गामा स्वच्छ हावाप्रेमी महाशयहरूको निमित्त सानु सानु ठिकको ब्लक मिलाइ सकेसम्म सस्तो मोलमा अड्डाबाट दिएको नाप नक्सा बमोजिम घर बनाउनको लागि यही ९९ साल पौष २१ गतेका दिन लीलाम गर्ने मुकरर गरिएको छ भन्ने म्युनिसिपलको जनाउ छ । (गोरखापत्र १९९९ख : २)

सरकारले लिलाम गर्न खोजेको जुद्धसडक-खिचापोखरी खण्डका यी जग्गा पूरै बिक्री नभएको र तिनलाई पुनः बिक्रीमा राखिएको तथ्य जेठ २००० मा प्रकाशित म्युनिसिपलिटी अड्डाको अर्को सूचनाले बताउँछ । यो सूचनाले सो बाटो अब पिच हुन लागेको पनि जताउँछ । सोही सूचनामा लेखिएअनुसार तात्कालिक सरकारले डिल्लीबजार र टुकुचा क्षेत्रमा पनि त्यसै गरी सडक बिस्तार र ल्याण्ड-पुलिङ गरी बनाएका घडेरीका प्लटहरू बिक्रीमा थिए । सूचनामा अगाडि भनिएको छ : "फूलवारीमा तर्कारी बारी समेत भएको घरबनाउन चाहने महानुभावहरूको लागि डिल्लीबजार र टुकुचानिरको फराकिलो सडकमा पनि धमाधम ब्लक विक्री भैरहेछ । १३५० मा विक्री हुने व्लक चाहिँ दुइटा मात्र बाँकी भएकोले यो सूचना दिने काम भएको छ" (गोरखापत्र २०००क : ७) ।[५]

२००१ सालमा *गोरखापत्र*मै छापिएको अर्को एक सूचनाले तात्कालिक म्युनिसिपल अड्डाले गर्ने वा गरिरहेको अर्को एक कामको क्षेत्रबारे बताउँछ । त्यस बखत हैजा एक ठुलै सङ्क्रामक रोग थियो । हैजालगायतका रोग फैलन नदिन म्युनिसिपल अड्डामा एउटा स्यानिटेशन फाँट (विभाग) पनि राखिएको थियो । सोही अड्डाले हैजाबारे प्रकाशन गरेको

---

डर छैन, न ग्राहकहरूलाई परिश्रम । एक घण्टा घुम्दा नपाइने तरकारी अब पाँच मिनेटमा पाइन्छ । यो बडो बेस प्रबन्ध भो । यो प्रबन्धले गर्दा गाउँले पर्वतेहरूले पनि तरकारीको आर्थिक महत्त्वलाई बुझेर विहानको एकाध घण्टामा आफ्नो इच्छानुसार केही न केही कमाएर लगिहाल्दछन् । जयहोस् श्री ३ महाराजको !" (गोरखापत्र १९९९क : २) ।

[५] ब्लकको मूल्य यो सूचनामा १३।५० जस्तो देखिए पनि खासमा सो १३५० हो है भनेर *गोरखापत्र*ले भ्रमशोधन शीर्षकमा अर्को सूचना प्रकाशन गरेको थियो (गोरखापत्र २०००ख : ७) ।

सूचनामा भनिएको छ, "म्युनिसिपल अड्डाका हेल्थ अफिसर (डाक्टर) सँग आएर भनेका खण्डमा हैजाका रक्षात्मक भ्याक्सिनहरू पनि बिना मूल्यमा दिने प्रबन्ध छ" (गोरखापत्र २००१ : ४) । स्यानिटेशन फाँटका कर्मचारीले हैजा नियन्त्रणका लागि गस्ती लगाउने, फिनेल छर्कने, र खानेकुरा फोहरी हिसाबले बेचेको देखेमा फालिदिनेसमेत उक्त सूचनाले जनाउँछ ।[६] साथसाथै, उक्त समय सो अड्डामा तीन खाले उपचार विधि/औषधी उपलब्ध भएको पनि सो सूचनाबाट ज्ञात हुन्छ : "हैजाले भेट्टाउनासाथ म्युनिसिपलका हेल्थ अफिसर (डाक्टर) लाई थाहा दिएमा एलोप्याथी, होमियोप्याथी अथवा आयुर्वेदी—उसलाई जस्तो औषधिको चाहना छ—दिई सकेसम्म भरथेक गराई प्रारम्भिक चिकित्सा अथवा हैजाको अस्पतालसम्म पुऱ्याउनमा उपचारसम्बन्धी हरेक मद्दत गर्नेछन्" (गोरखापत्र २००१ : ४) ।

माथिका सूचना तथा विवरणहरूले पद्म शमशेरको शासनअघि नेपाल (काठमाडौँ) मा म्युनिसिपल अड्डा भएको, त्यसले आधुनिक नगर/गाउँपालिकाहरूले गर्ने केही काम गरेको देखिन्छ । साथै, खास गरी चन्द्र शमशेरकै शासनकालमा रैती/दुनियाँलाई पनि म्युनिसिपल गभर्नेन्समा संलग्न गराउन खोजिएको देखिन्छ । यद्यपि, त्यो प्रयास कति इमान्दार र अर्थपूर्ण थियो, प्रतिनिधि चयन के-कसरी गरिएको थियो र त्यो प्रयास किन असफल (सरकारी भर्सन—रैतीको अरुचि) भयो भन्ने कुरा अहिले अनुमान मात्र गर्न सकिन्छ ।[७]

## २००४ सालको म्युनिसिपलिटी गठनको राजनीतिक पृष्ठभूमि र चुनाव

म्युनिसिपलिटीमा रैती/दुनियाँलाई यसअघि नै संलग्न गराउन खोजिए पनि निर्वाचनबाट जनप्रतिनिधि छानेर नगरको विधिसम्मत तरिकाले सञ्चालन गर्न शुरू गरिएको भने २००४ सालमा मात्रै हो । २००४ सालमा आइपुग्दा राणाखलकले नेपालमा शासन शुरू गरेको एक शताब्दी पुगिसकेको थियो ।[८] झण्डै १३ वर्ष शासन गरेका शक्तिशाली राणा प्रधानमन्त्री जुद्ध शमशेरले मङ्सिर २००२ मा राजीनामा दिँदा दोस्रो विश्वयुद्ध भर्खरै "औपचारिक रूपमा" समाप्त भएको थियो । यो युद्धमा बेलायत र उसका सहयोगी शक्तिहरू विजयी भएका थिए । युद्धसँग नेपालको खासै लेनादेना थिएन, तर तात्कालिक समयमा भारतीय उपमहाद्वीपमा शासन गरिरहेको बेलायती सरकारलाई सघाउँदै ऊ सो लडाइँमा संलग्न थियो । लामो

[६] सूचनामा लेखिएको छ, "विहान तल्लो टोल र बेलुका माथिल्लो टोलमा क्रमसंग दिनदिनै स्वास्थ्य विभागका मानिसहरूले गस्ती लगाउँछन् । कसैलाई आफ्ना टोलको कुनै खास ठाउँमा फिनेल इत्यादि छर्काउने मन भए त्यसको सूचना पाउनासाथ आफूले गर्ने सफाईमा थप तिनीहरूले सो काम पनि खुशीसाथ गरिदिनेछन्" (गोरखापत्र २००१ : ४) ।

[७] सम्भवतः राष्ट्रिय अभिलेखालयमा सङ्गृहीत सामग्रीमा खोजबीन गरेमा यसबारे थप जानकारी पाउन सकिन्छ ।

[८] यो र यसपछिका दुई अनुच्छेद पराजुली (सन् २०२२ख) बाट लिइएको हो ।

लडाइँपछि जर्मनीले वैशाख २००२ मा घुँडा टेक्यो र त्यसको केही महिनापछि (असोजमा) जापानले हात उठायो । विश्व युद्ध शुरू हुनु अघिदेखि नै यूरोपेलीहरूको उपनिवेशबाट फुत्कन भारतीय उपमहाद्वीपमा स्वतन्त्रता आन्दोलन चलिरहेको थियो । र, विभिन्न कारणले (विद्यार्थी, निर्वासित वा आप्रवासीको रूपमा) भारतमा रहेका नेपाली युवाहरू पनि भारतीय स्वतन्त्रता आन्दोलनमा सामेल भएका थिए । आन्दोलनमा आफूले निर्वाह गरेको भूमिकाको लागि उनीहरू जेलसमेत गएका थिए । युद्धमा बेलायत विजयी भए पनि स्वतन्त्रता आन्दोलनले ठुलो फड्को मारेकोले महाद्वीप उपरको बेलायती कब्जा त्यति बेला धरमराउँदै थियो ।[९]

जब भारतमा सक्रिय नेपाली युवाहरूले स्वतन्त्र भारतको सङ्केत देखे, तब तिनीहरूको चासो आफ्नो मातृभूमितिर सोझियो, जहाँ राणाहरूको परिवारले झण्डै एक शताब्दीदेखि अकण्टक शासन गर्दै आएका थिए, जहाँ गरिबी पन्पिएको थियो, उन्नति-प्रगति शून्य थियो, अनि न कुनै नागरिक अधिकार नै थियो । आफ्नो देश र जनताको यस्तो दुर्दशा देखेका उनीहरू विक्षुब्ध र आक्रोशित थिए । त्यसैले, त्यस्तो स्थिति-परिवर्तनका लागि उनीहरू सङ्घटित हुन थाले ।[१०] यही राष्ट्रिय/वैश्विक राजनीतिक परिवेशमा पद्म शमशेर मङ्सिर १४, २००२ मा सत्तामा आएका थिए ।[११] राणा शासकहरूमध्ये अलि "उदार" र "रुन्चे"

[९] थप, युद्धले बेलायतको अर्थतन्त्र जर्जर बनाएको थियो, र उसको लागि बृहत्तर भारत-उपर कब्जा जारी राख्न गाह्रो हुँदै गइरहेको थियो । तसर्थ, उसले भारतीय उपमहाद्वीप छोड्ने निश्चितप्राय: देखिन्थ्यो; ठ्याक्कै कहिले, वा कुन मोडालिटी वा सर्तहरूमा उसले छाड्छ भन्ने चाहिँ स्पष्ट थिएन ।

[१०] नेपालमा पहिलेदेखि नै राणा विरोधी आन्दोलनका झिल्काहरू उठेका थिए, जसमध्ये प्रजा परिषद् काण्ड वा घटना पनि एक थियो । वि.सं. १९९३ मा गुप्त रूपमा गठित प्रजा परिषद् नाउँको राणा विरोधी सङ्गठनका सदस्यहरूले राणा शासनलाई घुँडा टेकाउने उद्देश्य राखेका थिए र राणा शासनविरोधी पर्चाहरू छरेका थिए । तर, आन्दोलन कहीँ पुगेन, किनभने यसका अधिकांश सदस्यहरू पक्राउ परे र पछि जेलमा जाकिए । यसका केही सदस्यहरूलाई मृत्युदण्डको सजाय सुनाइयो—यसै काण्डका दौरान पछि सबैभन्दा श्रद्धा गरिने चार नेपाली शहीदहरू, शुक्रराज, दशरथ, धर्मभक्त र गङ्गालाल मारिए—जबकि अन्यलाई विभिन्न अवधिका लागि कारावास सजाय दिइयो (हेर्नुहोस्, गौतम २०४६) । यसै क्रममा पक्राउ परी जन्मकैदको सजाय पाएका गणेशमान सिंह असार २००१ मा जेलबाट भागेर भारततर्फ गई राणा विरोधी गतिविधिमा संलग्न हुन थाले (हेर्नुहोस्, सिंह २०५८) । उक्त घटनाले राणा शासक विरोधी आन्दोलनलाई कमजोर पारे पनि बिस्तारै नेपाली युवाहरू राणा शासनविरुद्ध र जनअधिकारका लागि पुन:सङ्घटित हुन थाले (हेर्नुहोस्, प्रधान २०४७; गौतम २०५५) ।

[११] स्वेच्छाले पदबाट राजीनामा दिनुअघि प्रजा परिषद् काण्डमा जेल परेका धेरैलाई जुद्ध शमशेरले रिहा गरेका थिए । उनी काठमाडौँबाट हिँड्नु अघिको रातमा उपत्यकामा राणा विरोधी

भनेर जानिने पद्मले प्रधानमन्त्रीको पदभार ग्रहण गरेपछि सिन्दूरयात्राको भाषणमा आफूलाई "दुनियाँको सेवक" समेत घोषणा गरेका थिए (पाँडे २०७१[२०४०]) ।

पद्म शमशेरले जुन केही सुधारका घोषणा गरेका थिए तिनलाई मूर्तरूप दिने प्रयत्न पनि गरे । उनले शिक्षा नीतिहरूमा परिवर्तन गरे, र सार्वजनिक शिक्षामा सामान्यजनको पहुँच खुकुलो बनाए; महिलाहरूले पनि सैद्धान्तिक रूपमा शिक्षा प्राप्त गर्ने बाटो खोलिदिए (हेर्नुहोस्, पराजुली सन् २०१२, सन् २०२२क) । उनले पहिले रेडियो राख्ने अनुमति दिए, र पछि रेडियो स्टेशन (पराजुली सन् २०२१) स्थापना गर्न पहल गरे । उनको कार्यकालमा *गोरखापत्र* हप्तामा तीन पटक प्रकाशित हुन थाल्यो, र तिनमा पाठकहरूका पत्र, लेख, आदिले स्थान पाउन थाले (पराजुली २०७८) । अन्य विषयको अतिरिक्त म्युनिसिपलिटीले गर्नुपर्ने काम र उसको (अगतिलो) काम गराइलाई केन्द्रमा राखेर पनि पाठकहरूले *गोरखापत्रमा* चिट्ठी पठाए (उदाहरणका लागि, उपाध्याय २००३ : २; गोरखापत्र २००३ग : २; प्रसाद २००३ : ३; मास्के २००३) । म्युनिसिपल अड्डाले पनि आलोचनालाई सह्राउँदै सरोकार राख्नेहरूलाई धन्यवाद दिएर *गोरखापत्र*मा सूचना छपाएको थियो (गोरखापत्र २००३क : ७) । यो एकहिसाबले नौलो अभ्यास पनि थियो ।

पद्म शमशेरले "गैर-राणा र निर्वाचित तत्त्वहरूलाई देशको सरकारसँग जोड्ने" आवश्यकताको पनि कुरा गरेका थिए (बराल र अप्पादोराई सन् २०१२ : ५८) । अन्यथा, छिमेकलगायत बाहिरी विश्वमा बहिरहेको परिवर्तनको र स्वतन्त्रताको झञ्झावातलाई थेग्न राणा-व्यवस्थालाई हम्मे हुने उनले ठम्याएका थिए । त्यसैले, जनतालाई शासन-व्यवस्थामा, देखावटी नै सही, धेर-थोर सरिक गराउनु जरुरी भएको आफ्ना भाइ-भारादारलाई उनले भने ।[१२] यसक्रममा एउटा प्रश्नावली बनाएर तिनले बाँडेका थिए (आचार्य दीक्षित २०२७; पन्त २०३६; पाँडे २०७१[२०४०]; हेर्नुहोस्, अनुसूची १; तस्बिर ३) । पाँडे (२०७१[२०४०]: ४२) का अनुसार "जङ्गबहादुरले बाँधेको नियम, बसालेको राणा व्यवस्था र रीतिथितिमा कति खलबल गर्न हुन्न र नेपालमा आज जे छ त्यही नै पर्याप्त र ठीक छ" भन्ने राय उनलाई दिइयो ।[१३] भाइ-भारादारको बहुसङ्ख्या सुधारप्रति नकारात्मक हुँदाहुँदै पनि वैधानिक सुधार

---

पर्चा छरिएका थिए (प्रधान २०४७ : १९१) । यसले राणा विरोधी शक्तिहरू पूर्ण रूपमा ध्वस्त नभई उपत्यकामा केही हदसम्म सक्रिय रहेको देखाउँथ्यो ।

[१२] आफ्नो "उदयोत्सव" को दिनमा दिएको एक भाषणमा आफूले मुलुकको कल्याण निमित्त केही योजना चाँडै प्रस्तुत गर्ने बताएका थिए (गोरखापत्र २००३ख : १) ।

[१३] सुधार समितिका सदस्य रहेका नरेन्द्रमणिले दिएको सुझाव आचार्य दीक्षित (२०२७ : ७९–९८) मा उपलब्ध छ । सो सुझावमा उनले आफूलाई मूलतः सुधारको पक्षमा उभ्याएका छन् । पुरानो लिखत भन्दै २०२७ सालमा छापिएको यो सुझावको भाषा/शैलीमा परिवर्तन गरिएको बुझ्न सकिन्छ । भाषा/शैलीबाहेक अन्य परिवर्तन भयो-भएन सो जान्न मूल प्रतिसँगै भिडाउनु पर्ने हुन्छ ।

गर्नुपर्छ भन्ने टुङ्गोमा उनी पुगेको अनुमान गर्न सकिन्छ। फागुन २, २००३ मा उनले आधार शिक्षाको उद्घाटन अवसरमा दिएको एक मन्तव्यमा भनेका थिए :

> संसारमा हालै धेरैजसो चलिआएको व्यवस्थाअनुसार हाम्रा यहाँको राज्यव्यवस्थामा पनि प्रजालाई अहिले भन्दा पनि बढी सरीक गराउने प्रबन्ध बसाल्नाले देशको उन्नतिमा ठूलो मदद हुन जाला भन्ने लागी भाइ, छोरा र भारदारहरूको राय लिन लागिरहेको छु। यस्तो जटिल कुरामा राम्रोसँग सबैतिरको विचार पुऱ्याइकन मात्र ठेगान गनु पर्ने हुनाले झट्टै हुन नसक्ने तिमीहरूलाई थाहै छ। सबैसँग छलफल गरी यसबारेको ठेगान लाग्नासाथ तिमीहरूलाई फेरि जम्मा गरी सो सबैको सल्लाहले ठेगान भएका ठहर गराउनेछु। (गोरखापत्र २००३घ : १)

उनका यी सबै राजनीतिक "सुधार" का उपक्रम पछाडि बाहिरी विश्वमा भएका परिवर्तनका अतिरिक्त नयाँ राजनीतिक दल (नेपाली राष्ट्रिय कांग्रेस) को गठन र त्यसको सक्रियता, विराटनगरको मजदूर आन्दोलन र लगत्तै राजधानीलगायत मुलुकका प्रमुख सहर/गौंडामा भएका सत्याग्रहका घटनाले काम गरेका थिए। यो कुरा पद्म शमशेरले भाइ-भारादारलाई बाँडेको प्रश्नावलीबाट समेत बुझ्न सकिन्छ :

> हिन्दूस्थानमा पनि अब परिस्थिति चाँडै निक्कै बदलिने पक्का भइ Indian States मा समेत धमाधम Constitutional reforms introduce गरी रहेकाले हामीले मात्र यो force कती रोक्न सकौंला भन्ने लाग्दछ। तसर्थ हामीले पनि हालैमा राजनीतिक सुधार केही नगरेमा पछि बाहिरबाट या भित्रैबाट पनि कर लागि गर्नु परेमा झन् नराम्रो नतिजा होला। (आचार्य दीक्षित २०२७ : ७८; अनुसूची १; मूल प्रतिमै अंग्रेजी शब्द प्रयुक्त गरिएको; तस्बिर ३)

आफ्ना खलकको यथास्थिति कायमै राख्ने मत भए पनि "झन नराम्रो नतिजा" नआओस् भनेर उनले वैशाख २००४ मा एउटा सुधार समिति गठन गरे। बहादुर शमशेर (शासन-उत्तराधिकारीमा तेस्रो) को नेतृत्वमा गठित उक्त सुधार समितिले वैशाख दोस्रो सातादेखि काम शुरू गरेको थियो।[१४] यसैबीच जेठको प्रारम्भमा (३ गते) भाइ-भारादारदेखि सामान्यजनलाई

---

त्यस्तै, कम्याण्डिङ कर्णेल डम्बर शमशेर थापाले दिएको सुझाव सिवाकोटी (२०४९ : ६४–७०) मा प्रकाशित छ। उक्त सुझावमा थापाले आफूलाई सुधारवादी कित्तामा उभ्याएका छन्।

[१४] समितिका अन्य सदस्यमा सिंह शमशेर, कृष्ण शमशेर, मृगेन्द्र शमशेर, ब्रह्म शमशेर, शारदा शमशेर, विजय शमशेर, हेरम्बराज पाण्डे, रत्नमान सिंह, गुञ्जमान सिंह, नरेन्द्रमणि आचार्य दीक्षित

आफ्नो दरबार विशालनगरमा बोलाएर पद्म शमशेरले एउटा लामै भाषण दिए। सो भाषणमा उनले "**निर्वाचित भएका** अर्थात् elected र **सरकारबाट तोकिएका अर्थात्** nominated **सदस्यहरूको सभा** खड़ा भै काम चल्नुपर्दछ भन्ने हाम्रो राय छ" भने। उनले, यो लेखको प्रारम्भमा उद्धृत गरेझैँ, निर्वाचित म्युनिसिपलिटी र डिस्ट्रिक्टबोर्ड खडा गरी **स्थानीय अधिकार** सुम्पिदिनेसमेत उद्घोष गरे (गोरखापत्र २००४ख : १, मूल प्रतिमै जोड दिइएको र अंग्रेजी शब्द प्रयुक्त गरिएको; तस्बिर ४)। संविधान नबनिसकेको भए पनि यसरी नयाँ बन्ने संविधानमा के-के कुरा हुनेछन् भन्ने कुराको मोटामोटी चौहद्दी उनले तोकिदिएका थिए, जसबाट आउने संविधानमा जननिर्वाचित स्थानीय सरकारहरू हुने तय देखिन्थ्यो।

**(१) प्रश्नपत्र**

**संसारभर जहाँ पनि** democracy **वा** responsible govt **प्रचलित भएको र २।४ मुलुक जहाँ हाल छन्, तहाँ पनि** democracy **नै आखिर खडा गर्नुपर्छ भन्ने भाव र विचार साह्रा जगतमा फैलिएको सबैलाई विदितै हुनुपर्छ। फेरि हिन्दूस्थानमा पनि अब परिस्थिति चाँडै निक्कै बदलिने पक्का भइ** Indian States**मा समेत धमाधम** Constitutional reforms introduce **गरी रहेकाले हामीले मात्र यो** force **कती दिनु रोक्न सकौंला भन्ने लाग्दछ। तसर्थ हामीले पनि हालैमा राजनीतिक सुधार केही नगरेमा पछि बाहिरबाट या भित्रैबाट पनि कर लागि गर्नु परेमा छन् नराम्रो नतिजा होला।**

*तस्बिर ३ : राजनीतिक सुधारबारे राय लिन पद्म शमशेरले आफ्ना भाइ-भारादारलाई बाँडेको प्रश्नावलीको भूमिका (आचार्य दीक्षित २०२७ : ७८–७९)।*


पद्म शमशेरको सो भाषणमा देखाइएको डोरेटोले नेपाललाई "नवयुग" मा अवतरण गराउने *गोरखापत्र*ले देख्यो। "नेपालको नवयुग" शीर्षकको सम्पादकीयमा उसले स्थानीय अधिकारबारे पाठकलाई सविस्तार व्याख्या गऱ्यो :

> हाम्रा पाठकहरूले स्थानीय अधिकार भन्ने उक्ति सुनेका होलान्। यो वाक्यको अर्थ केहो भने म्यूनिसिपल बोर्ड, म्यूनिसपलिटी, डिष्ट्रिक्[ट] बोर्ड, ग्राम पञ्चायत

---

थिए। समितिको सचिवमा सुवर्ण शमशेर (नेपाली कांग्रेसका नेता होइनन्, अर्कै) र सल्लाहकार कुलनाथ लोहनी थिए। सुधारबारे मतभेद हुँदा बहादुर शमशेरले राजीनामा दिएकाले समितिको सभापतिमा पछि सिंह शमशेर तोकिए (पाँडे २०७१[२०४०] : ४२)।

इत्यादि स्थानीय संस्थाहरूलाई स्थानीय हित र कल्याणका काममा शासनाधिकार दिने प्रथा हो । जस्तो कि शिक्षा र खास गरी प्राथमिक शिक्षा, आमदुनियाँको स्वास्थ्य, सफाई पानी र बत्तीको प्रबन्ध, बाटो, पुल, नहर, नाल र डुँड, निकास इत्यादि । यस्ता स्थानीय अधिकारका संस्थाहरू संसारका प्रायः सबै सभ्य मुलुकहरूमा विद्यमान छन् । सरकारवाट यो अधिकार हाम्रा प्रजालाई प्रदान गरिबक्सी देशलाई उन्नतितिर कदम बढाउनालाई ठूलो सहायता बक्सेको हो भन्ने कुरा कसैले पनि अस्वीकार गर्न सकने छैन । (गोरखापत्र २००४ग : २)



हाम्रोबाट खडा गरिबक्सेको सुधार
समितिले वैशाख १५ गतेदेखि
काम शुरू गरी राजमानि र भन्न चाहिने
विषयमा नियमावलीको तर्जुमा गर्न
लागेका छन। निर्वाचित एका
अर्थात [illegible] र सरकारबाट
तोकिएका अर्थात nominated
सदस्यहरूको सभा खडा भै काम
चलाउँदछ भन्ने हाम्रो राय छ। यो सं-

*तस्बिर ४ : पद्म शमशेरको भाषणको एक अंश (गोरखापत्र २००४ख : १) ।*

पद्म शमशेरले घोषणा गरेका “सुधार” लाई मूर्तरूप दिन सुधार समिति (हेर्नुहोस्, गोरखापत्र २००४घ : १, २००४ङ : २) गठन गरिएको थियो, अनि सुधार समितिलाई संविधान लेखनमा सघाउन भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूसँग सहयोग मागिएको थियो । सोहीअनुरूप नेहरूले पनि श्रीप्रकाश, रामउग्र सिंह, रघुनाथ सिंहलगायतका संविधान/काननूका ज्ञाता र सहयोगी रहेको एक टोली नेपाल पठाएको थियो, जसले यहाँ तीन हप्ताजति काम गरेर आफ्नो सुझाव दियो (गोरखापत्र २००४ठ : १; द सर्चलाइट सन् १९४७ए, सन् १९४७बी; तस्बिर ५) । तर, विधान र सुधारको समग्र प्याकेज निर्क्योल नहुँदै जेठ २४ गते पद्म शमशेरले सुधारको पहिलो किश्ता भन्दै एउटा इश्तिहार प्रकाशमा ल्याए, जसले काठमाडौँमा म्युनिसिपलिटीको निर्वाचन निश्चित गऱ्यो—त्यो पनि सूचना प्रकाशन गरिएको पाँचौँ दिनमा अर्थात् जेठ २९ गते । सो इश्तिहारमा भनिएको थियो : “ज्येष्ठ ३ गते

हामीबाट बक्सेको भाषणबमोजिम सुधारको पहिला किस्ता स्वरूप भरमुलुकमा निर्वाचित म्युनिसिपलिटीहरू खडा गर्ने निकासा बक्सेको छ। सबै ठाउँमा एकैचोटी निर्वाचनको काम गर्न नभ्याउने र मुश्किल पर्नेसमेत हुनाले पहिले काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन अर्थात् प्रतिनिधि छान्ने गरिबक्सेको छ" (गोरखापत्र २००४च : १, तस्बिर ६)।

काठमाडौँ सहर (उत्तर महाराजगञ्ज, दक्षिण बागमती, पूर्व धोबीखोला र पश्चिम विष्णुमती) लाई २१ वडामा बाँडी प्रत्येक वडाबाट २५ वर्ष उमेर पुगिसकेको १/१ जना सदस्य/प्रतिनिधि छान्ने व्यवस्था गरिएको सो इश्तिहारमा उल्लेख छ। मतदाताको हकमा चाहिँ २१ वर्ष उमेर पुगेको पुरुषलाई मात्र आफ्ना प्रतिनिधि छान्ने हक थियो, महिलालाई



Mr. Sri Prakash Reaches Nepal

Welcomed By Officials At Birganj

RAXAUL, June 1[illegible].—Mr Sri Prakash, M.L.A., arrived in Nepal today, accompanied by Hon'ble Dr. Ramanugrah Singh, Constitutional Adviser, Nepal and his assistants, Mr. B. K. Gupta of Lucknow University, Mr. R. B. Tiwary of Delhi University and Mr. Raghunath Singh, Advocate of Benares. The Commander General Hiranaya Shumshere, J. B. R., Governor of Birganj met the party at Birganj. Afterwards, mutual greetings were exchanged. The party was highly pleased to meet the Governor.

.. Interviewed by the United Press of India at Raxaul, Dr. Sri Prakash said: "We are going to Nepal with every hope of a favourable political settlement and to help the Nepal Government in the reforms initiated by the Maharaja of Nepal."

It may be recalled the Government of Nepal requested the Interim Government to send a constitutional adviser to help in the introduction of reforms in Nepal. And in response to this request, Mr. Sri Prakash and party arrived here.—U.P.I.


*तस्बिर ५ : संविधान निर्माणमा सघाउन पठाइएका श्रीप्रकाशहरू वीरगञ्ज पुगेको समाचार (द सर्चलाइट सन् १९४७ए : २)।*

थिएन (गोरखापत्र २००४च : १; हेर्नुहोस्, अनुसूची २) ।[१५] तात्कालिक समयमा म्युनिसिपलिटीभित्रको जनसङ्ख्या ६८ हजार चानचुन थियो (गोरखापत्र २००४ज : २) । तीमध्ये कति २१ वर्ष माथिका पुरुष थिए, जो मतदाता हुन योग्य हुन्थे, प्रकाशित सूचनाहरूबाट थाहा हुन्न । तथापि, कम्तीमा आधा जनसङ्ख्या (३४,०००) महिलाको भएको, र तात्कालिक समयको काठमाडौँको "लाइफ एक्स्पेक्टेन्सी" ३५ वर्षको हाराहारी मान्ने हो भने करिब १६–१७ हजार मतदाता भएको कोरा अनुमान लगाउन सकिन्छ (तुलना गर्नुहोस् निर्वाचन आयोग २०७३; शाह सन् १९९०) ।[१६] जेठ २९ गते बुधबार ११ बजेदेखि ३ बजेतक मतदान गर्ने समय तोकिएको थियो (गोरखापत्र २००४छ : १) । इश्तिहारमा रैतीहरूलाई पद्मको आदेश थियो, "यस काममा तिमीहरूको मद्दतका निमित्त खटिएका कर्मचारीहरूको रेखदेखमा म्युनिसिपलिटीको काम गर्न सक्ने तिमीहरूको प्रतीतको असल, लायक, अनुभवी प्रतिनिधि छानी पठाउने काम गर" (गोरखापत्र २००४च : ४) । छानिएका प्रतिनिधिहरूले तत्काललाई विद्यमान नियम सवालबमोजिम काम चलाउने र पछि "निर्वाचनसम्बन्धी नियम, म्युनिसिपलिटीका इलाका र वडा छुट्याउने, भोटरहरूको

[१५] फगत पुरुषहरूलाई मात्र मताधिकार दिइएकामा महिलाहरूले असन्तुष्टि जनाएका र मङ्गलादेवी सिंहलगायतका २१ महिलाहरूको एउटा समूहले पद्म शमशेरलाई भेटी आफूहरूलाई पनि मताधिकार दिइनुपर्ने माग गरेका थिए (सिंह २०५१) । मङ्सिर/पुस २००४ मा छापिएको नेपाली राष्ट्रिय कांग्रेसको प्रकाशन *नेपाल और उसका नवजागरण* को अन्तिम पृष्ठमा लेखिएको छ : "काठमाडौँमा म्युनिसिपलिटीको चुनाव हुँदा महिलालाई मत दिने अधिकार मिलेन । यसबारे महिलाहरूको एक प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसँग भेटेर उनका सामू समान मताधिकारको माग गरे । उनीहरूलाई उचित आश्वासन दिइएकाले प्रतिनिधिमण्डल फर्कियो" (नेराकां सन् १९४८ : ८०; हिन्दीबाट लेखकको अनुवाद) । महिलाहरूको प्रतिनिधि मण्डलको नेतृत्व श्रीमायाले गरेकी र सो समूहमा मङ्गलादेवी, स्नेहलता, शीलवन्ती शाह, रामलक्ष्मी मानन्धर, शान्ता श्रेष्ठ, चम्पादेवी वज्राचार्य, आदि रहेको भुवनलाल प्रधान (२०४७ : २५३) ले लेखेका छन् । पद्म शमशेरले आफूहरूको माग स्वीकारेको, तर निर्वाचन नभएकाले सो अधिकार उपयोग हुन नसकेको सिंह (२०५१ : ५६) ले लेखेकी छन् । यद्यपि, २००४ सालमै प्रकाशित सामग्री र यो लेखमा उद्धृत सामग्रीले पनि देखाउँछन् कि जे-जस्तो खालको भए पनि निर्वाचन त भएकै थियो ।

[१६] निर्वाचन आयोगले प्रकाशन गरेको पुस्तकमा १३,५५३ घर सङ्ख्या र मतदाता सङ्ख्या ६८,११८ उल्लेख छ, जुन त्यति विश्वसनीय नभएको र मैले उल्लेख गरेको सङ्ख्या पनि थोरै भयो कि भनेर यो लेखको समीक्षाको क्रममा प्राध्यापक कृष्ण खनालले शङ्का जनाउनु भएको थियो । तर, *नेपालको निर्वाचन इतिहास* पुस्तकमा दिइएको सङ्ख्या (६८,११८) खासमा समग्र जनसङ्ख्या हो, सम्भवतः असावधानीका कारण मतदाता सङ्ख्या लेखियो (निर्वाचन आयोग २०७३; तुलना गर्नुहोस् गोरखापत्र २००४ज : २) । हृषिकेश शाह (सन् १९९० : १८०) ले निर्वाचन भएका १४ वडाका १२,०६९ मतदातामध्ये ९,३३२ जनाले मतदान गरेको लेखेका छन् ।

नामावली तयार गर्ने र अरू चाहिएका आधुनिक नियमहरू समेत तयार गरी जाहेर गर्ने" उनले बताए (गोरखापत्र २००४च : ४) ।



इश्तिहार

आगे जागिरे ढाक्रे साहु–महाजन रैती दुनियाँ गैन्हके यथोचित, उप्रान्त हाम्रो मुलुकको सुधारबारे २००४ साल ज्येष्ठ ३ गते हामीबाट बक्सेको भाषण-बमोजिम सुधारको पहिला किस्ता स्वरूप भरमुलुकमा निर्वाचित म्युनिसिपलिटीहरू खडा गर्ने निगाहा बक्सेको छ। सबै ठाउँमा एकैचोटी निर्वाचनको काम गर्न नभ्याउने र मुश्किल पर्ने समेत हुनाले पहिले काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन अर्थात प्रतिनिधि छान्ने गरि-बक्सेको छ। उत्तर महाराजगञ्ज, दक्षिण

*तस्बिर ६ : म्युनिसिपलिटीको निर्वाचनसम्बन्धी इश्तिहारको अंश (गोरखापत्र २००४च : १) ।*

यो सरकारी इश्तिहार (सूचना/आदेश) सँगै सोही दिनको पत्रिकामा निर्वाचनसम्बन्धी अर्को "सरकारी सूचना" पनि प्रकाशित छ । सो सूचनाले निर्वाचनसम्बन्धी थप जानकारी दिन्छ । उक्त सूचनामा "हरएक ओडाबाट खडा हुने उम्मेदवारहरू चार जनासम्मको नाम ओडाका प्रतिष्ठित मानिसहरूको राय मिलाई म्युनिसिपल गोश्वारामा पेश गर्नु" भन्ने आदेश थियो । र, "सो कागतमा उम्मेदवारको मञ्जूरी र प्रतिष्ठित मानिसहरू १५ जना सम्मको सहिछाप हुनुपर्छ" भनिएको थियो (गोरखापत्र २००४छ : १) । चारमध्ये सबैभन्दा धेरै जसले भोट पाउँछ उही "सदस्य मुकर्रर हुने" व्यवस्था थियो । उक्त निर्वाचनमा मत दिन पाउनेहरू माथि उल्लेख भएबमोजिम २१ वर्षमाथिका पुरुषहरू मात्र थिए । र, उनीहरूलाई

"घर घरमा टीकट बाँड्न सोमवार, मंगलवार विहान ७ बजेदेखि १० बजेसम्म र साँझमा ३ बजेदेखि ७ बजेसम्म सर्कारी कर्मचारीहरू आउने" सरकारी सूचनामा जनाइएको थियो ।[१७]

सरकारी इश्तिहारअनुसार निर्वाचनको कार्यक्रम अगाडि बढ्यो र सोहीअनुरूप विभिन्न वडाबाट उम्मेदवार भएकाहरूको सूची जेठ २९ को *गोरखापत्र*मा प्रकाशित भयो (गोरखापत्र २००४ञ : ४) । सबै वडामा चारै जनाको उम्मेदवारी परेन । कुनै वडामा एक जना मात्र उम्मेदवार भए भने केहीमा चाहिँ दुई जना र धेरैमा चाहिँ चार जना । एक जना मात्र उम्मेदवार हुने वडाहरूमा वडा नम्बर ३, ५, ६, ९, १०, ११ र १८ थिए, अर्थात् २१ मध्ये एकतिहाई वडाहरूमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भएका थिए (विभिन्न वडाबाट उम्मेदवार भएका व्यक्तिहरूको सूचीका लागि अनुसूची ३ हेर्नुहोस्) । माथिको सूचनाअनुसार एक मात्र उम्मेदवार भएका वडामा "टिकट खसाल्ने ढ्वाङ" नरहने र बाँकी वडामा त्यस्ता ढ्वाङ रहने स्थानसमेत त्यहाँ दिइएको छ (हेर्नुहोस्, गोरखापत्र २००४ञ : ४) ।[१८] पूर्व प्रकाशित सूचनाअनुसार नै जेठ २९ गते निर्वाचन सम्पन्न भयो, र सो निर्वाचनबाट निर्वाचित वडा सदस्य वा प्रतिनिधिहरूको सूची जेठ ३१ को *गोरखापत्र*मा प्रकाशित गरियो ।[१९] सो सूची केलाउँदा पछि सार्वजनिक जीवनमा ठुलै नाम बनाउने व्यक्तिहरू (जसमध्ये कतिपय त्यति बेलै ख्यातनामा थिए) देखिन्छन् । उदाहरणका लागि, भेषराज शर्मा, त्रिपुरवरसिंह प्रधान, पूर्णबहादुर श्रेष्ठ, भुवनलाल प्रधान, कृष्णबहादुर मानन्धर, शेषराज दली, यदुनाथ खनाल, इश्वरीप्रसाद रिमाल, रामजीप्रसाद, शारदाप्रसाद र शङ्करदेव पन्त सबै म्युनिसिपलिटीका सदस्य निर्वाचित भएका थिए (गोरखापत्र २००४ट : ४) ।[२०]

[१७] इश्तिहार निस्किएपछि सहरमा हलचल मच्चिएको *शारदा*को सम्पादकीयमा लेखिएको छ । सम्पादकीयमा अगाडि भनिएको छ : "वातावरणमा चहल पहल देखियो, सारा जनताहरू अधिकार पाएकोमा हर्षित भएर आफ्नो शहरको म्युनिसिपल काममा आफैले निरीक्षण र आफ्नो चाहनाहरूलाई मूर्तिमान गर्न पाउँदा, एक किसिमको जनताहरूमा खुसीको बाढी पनि आयो । [...] भोट प्रथाका ज्ञान भएकाहरूले कसरी सदस्य छान्नु पर्दछ, यस विषयमा ठाउँ ठाउँमा साना साना सभा गरी सारा जनताहरूलाई बुझाउने प्रयत्न गरे । र म्युनिसिपल विषयको कामहरू बारेमा राम्रा राम्रा व्याख्या गरी जनताहरूलाई बोध पनि गराए" (शारदा २००४; रेग्मी २०५८ : २७८–२७९ मा उद्धृत) । शासकको गुणगाण/प्रशस्ति गाउनमा *शारदा* अलि अघि देखिएकाले यहाँ लेखिएका जति गतिविधि नभएको पनि हुनसक्छ (हेर्नुहोस्, पराजुली सन् २००६) ।

[१८] भुवनलाल प्रधान (२०४७ : २५३) का अनुसार खुला स्थानमा मतपेटिका राखिएकाले कसले कसलाई मत दियो त्यो टाढैबाट थाहा हुन्थ्यो ।

[१९] कमल दीक्षित (२०३६ : ८८) ले सो निर्वाचनलाई "नक्कली जस्तै भए पनि एउटा चुनाव भयो" भनेर लेखेका छन् ।

[२०] म्युनिसिपलिटीका २१ वडाबाट निर्वाचित सदस्यहरूको नामावली निम्नानुसार छ : वडा १ - गुरु गेहेन्द्र नाथ पंडित (थापाथली), २ - पं. भेषराज शर्मा (त्रिपुरेश्वर), ३ - मोहनबहादुर डंगोल

पाँचै दिनमा निर्वाचनका सबै प्रक्रिया सक्किए पनि निर्वाचित सदस्यहरूलाई सपथ गराउने र कार्यभार दिने कुरामा भने निकै ढिलाइ गरिएको देखिन्छ । निर्वाचन सम्पन्न भएको दुई महिनाभन्दा बढी पछि (साउन ६ गते) मात्र सपथ खुवाइएको थियो (गोरखापत्र २००४ढ : १; तस्बिर ७) ।[२१] त्यसअघि (साउन २ गते) विशालनगर दरबारमा निर्वाचित सदस्यहरू (२१ जना) र सरकारले थपिदिएका (मनोनीत गरेका) अरू १० जना (जसमा डाक्टर, इन्जिनियर, व्यापारीलगायतका कर्मक्षेत्रका अनुभवी भनिएका) र सरकारले तोकेका म्युनिसिपलिटीका चेयरम्यान गेहेन्द्र शमशेर थापा सबैलाई प्रधानमन्त्रीसँग चिनापर्ची गराइएको थियो (गोरखापत्र २००४ड : १) ।[२२] साथै, निर्वाचित सदस्यमध्येबाट शङ्करदेव पन्तलाई सो म्युनिसिपलिटीको भाइस चेयरम्यान निर्वाचित भएको बताइएको थियो । सबै ३२ सदस्य/पदाधिकारी राखेर प्रधानमन्त्रीले भाषणसमेत दिएका थिए । भाषणमा आफूले "सुधारको पहिलो किस्ता स्वरूप ... म्युनिसिपलिटी सदस्यहरूको निर्वाचन गराएको हुँ" भन्ने कुरा दोहोऱ्याउँदै "यो *निर्वाचनको सिद्धान्त* नेपालमा *पहिलो पटक प्रयोग* भएकोले पूरा सन्तोषजनक भयो होला भन्ने विश्वास छैन तापनि जुनसुकै कामको पनि एकपल्ट


---

(गोफलेटोल), ४ - मा. विष्णुलाल डंगोल (ब्रह्मटोल), ५ - हरिकृष्ण श्रेष्ठ (झोंछे), ६ - त्रिपुरवरसिं प्रधान (खिचापोखरी), ७ - कर्णबहादुर श्रेष्ठ (भीमसेनस्थान), ८ - वैद्य पन्नाप्रसाद जोसी (वटु गुच्चाटोल), ९ - पूर्णबहादुर श्रेष्ठ, एम.ए. (किलागल), १० - उदयलाल श्रेष्ठ (भोटाहिटी), ११ - भुवनलाल प्रधान (भोटाहिटी), १२ - पुष्करलाल मास्के (न्ह्योखाबहाल), १३ - कृष्णबहादुर मानन्धर (नेटपाचो), १४ - शेषराज दली, एम.एस्सी. (मरुहिटी), १५ - प्रोफेसर यदुनाथ खनाल (पकनाजोल), १६ - प्रकाशमान प्रधान (ठमेल), १७ - इश्वरी प्रसाद रिमाल, होमीयोप्याथिक (महाराजगञ्ज), १८ - तेजशङ्कर उपाध्याय (महाराजगञ्ज), १९ - हेडमास्टर शारदा प्रसाद उपाध्याय, बीए बीटी (भाटभटेनी), २० - मा. रामजीप्रसाद, बीए (भाटभटेनी) र २१ - प. शङ्करदेव पन्त (पुतलीसडक) [गोरखापत्र २००४ट : ४] ।

[२१] सपथ यसप्रकार थियो : "ईश्वर र आफ्ना सरकारलाई शिरमा राखी इमान धर्म संझी, कसैको पक्षपातमा नलागी पक्षपात नगरी, सरकारको सोझो र दुनियाँको भलो चिताई, हक इन्साफ र कामकाज गरुंला" (गोरखापत्र २००४ढ : १) ।

[२२] चेयरम्यान थापाको ओहदा लेफ्टिनेन्ट कर्नेल थियो, र उनी केही समयदेखि म्युनिसिपलिटी अड्डामै कार्यरत रहेको देखिन्छ, किनभने म्युनिसिपलिटीको पहिलो बैठकमा मन्तव्य राख्दै उनले भनेका थिए : "आजसम्म यस म्यूनिसिपलिटीमा काम गरेकोबाट मैले जो अनुभव पाएँ त्यसबाट यो नवनिर्मित म्यूनिसिपलिटीको उत्थानमा केही सहायता र सेवा हुन सक्यो भने आफूलाई धन्य संझन्छु" (गोरखापत्र २००४ण : १) । सरकारबाट मनोनीत १० जनामध्ये एक जना नरेन्द्रमणि आचार्य दीक्षित थिए (भट्टराई २०८१ : १२४), बाँकी अरू सदस्य को-को थिए, थाहा हुन सकेन । २००६ सालमा काठमाडौँ सिनेमा भवन खोल्नेताका म्युनिसिपलिटीका सचिव अनङ्गमान शेरचन रहेको भीमबहादुर पाँडे (२०७१[२०४०]: ११०) ले लेखेका छन् ।

शुरु गराइदिएपछि सिलसिला बस्दै जाने" बताए । साथै, "मुलुकको यस्तो एक प्रमुख विभागको काममा अनुभवको धेरै दर्कार पर्ने हुनाले १० जवान *अनुभवी मानिसहरूलाई पनि तिमीहरूको मद्दतको निमित्त खटाइदिएको*" समेत उनले भन्न भ्याए (गोरखापत्र २००४ड : १; इटलिक्स थपिएको) ।



म्यूनिसिपलिटीमा नयाँ सदस्य-
हरूको प्रवेश
सभा र पहिलो मिटिङ

कान्तिपुर, श्रावण ६ गते । आज दिनको २ बजेका समयमा काठमाडौं म्यूनिसिपलिटी भड्डामा निर्वाचित २१ जना सदस्य र नियुक्त सदस्य १० जनामा ९ जना सुपरिन्टेण्डेण्ट उपस्थित थिए, म्यूनिसिपलिटीको पस्ने ढोकामाथि श्री ३ महाराजको तस्वीर फूलका मालाहरूसहित सुशोभित थियो । ढोकाको दायाँ बायाँ-पट्टि घडाहरू राखी आएका सदस्यहरूलाई फुल अक्षताले स्वागत पनि भएको थियो ।

अनि चेयरम्यान भाइस चेयरम्यान र अरू सब सदस्यहरूले शपथ लीं निम्नलिखित प्रस्ताव पास गरे ।

शपथ—ईश्वर र आफ्ना सरकारलाई शिरमा राखी, इमान धर्म सम्झी, कसैको पक्षपातमा नलागी पक्षपात नगरी, सरकारको सोझो र दुनियाँको भलो चिताई, हक इन्साफ र कामकाज गरूंला ।

*तस्बिर ७ : म्युनिसिपलिटीको पहिलो बैठक तथा सपथ (गोरखापत्र २००४ढ : १) ।*

*गोरखापत्र*को सम्पादकीयले पनि नयाँ म्युनिसिपलिटीलाई स्वागत ग¥यो । “शासनको सुधार एकै पटक झट्ट हुने होइन क्रमैसित सुधार हुँदै जान्छ” भन्दै उसले आशा जतायो : “हाललाई हुन लागेका सुधारको पहिलो किस्तास्वरूप म्युनिसिपलिटीका निर्वाचित र नियुक्त काठमाण्डौका सदस्यहरूद्वारा काम शुरू हुने भएको छ । शुरू शुरूको काम छ, वाधा अडकाउ आओइन भन्न सकिन्न । यस्ता कामको निम्ति आदर्शभन्दा पनि धेरै बढ्ता आवश्यकता मुलुकको वास्तविक स्थितिको ज्ञानको हुन्छ । अतयव यो म्युनिसिपलिटी विभागले सरकारका सुधार उन्नतिका धेरै विचारहरूलाई रचनात्मक कार्यमा उत्तीर्ण गरी मुलुकलाई फलाउन फुलाउनमा सन्तोषप्रद मद्दत देला” (गोरखापत्र २००४त : २) ।[२३] यसरी नेपालको इतिहासमा पहिलो पटक “जननिर्वाचित” स्थानीय सरकारको प्रारम्भिक स्वरूप निर्माण भयो । आउने खण्डमा यो म्युनिसिपलिटीले आफ्ना विभिन्न बैठकहरूमार्फत गरेका निर्णयहरूको चर्चा गरिन्छ ।

## निर्वाचित म्युनिसिपलिटीले गरेका निर्णय/कामहरू

म्युनिसिपलिटीको निर्वाचनपछि पहिलो बैठक साउन ६ गते मात्र बसेको प्रसङ्ग माथि आइसक्यो । सो बैठकमा सबै २१ जना निर्वाचित सदस्यका साथै १० मध्ये ९ जना मनोनीत सदस्य र चेयरम्यान उपस्थित थिए । उपस्थित सबैले सपथ लिएपछि विभिन्न प्रस्ताव पास गरे (गोरखापत्र २००४ढ : १) । साधारण बैठक हप्ताको एक पटक गर्ने;[२४] विधान उपसमिति गठन गर्ने[२५] र सो समितिमा विभिन्न सदस्य नियुक्त गर्ने, अन्य आवश्यक उपसमितिहरू गठन गर्नेजस्ता आठ ओटा निर्णय पहिलो बैठकमा भएको देखिन्छ ।

[२३] सूर्यमणि अधिकारी (सन् १९९८ : ६६) ले “सरकारले अनेक हथकण्डा प्रयोग गरी हस्तक्षेप गर्दा पनि ने.रा.कां. [नेपाली राष्ट्रिय कांग्रेस] लाई समर्थन गर्ने कतिपय व्यक्तिहरू चुनिएकाले काठमाडौँका नागरिकहरूमा यस चुनावले एउटा नयां उत्साह ल्याइदियो” भनेर लेखेका छन् । साफल्य अमात्यले पनि निर्वाचित सदस्यहरू ने.रा.का.का समर्थक भएको लेखेका छन् (अमात्य सन् २००४) ।

[२४] मिटिङ गर्दा नियुक्त ६ जना र निर्वाचित १४ सम्म जम्मा भएमा मिटिङ गर्ने । त्यसभन्दा कम भए त्यस दिन मिटिङ नगर्ने (गोरखापत्र २००४ढ : १) ।


[२५] तात्कालिक सरकारले असार १२ एउटा सनद जारी गरेको देखिन्छ । सो सनदको सम्पूर्ण विवरण उपलब्ध हुन सकेन, तथापि त्यसले नवगठित म्युनिसिपलिटीलाई आफू सञ्चालन हुने नयाँ विधान बनाउन कार्यादेश दिएको बुझिन्छ । र, सोका लागि एक विधान उपसमिति गठन भएको थियो, जसमा म्युनिसिपलिटीका सभापति, उपसभापति तथा निम्न सदस्यहरू थिए : यदुनाथ खनाल, शेषराज दली, पूर्णबहादुर श्रेष्ठ र भेषराज शर्मा (गोरखापत्र २००४ढ : १) ।

म्युनिसिपलिटीले व्यावहारिक कामहरू खासै नगरे पनि नीतिगत निर्णयहरू चाहिँ उल्लेख्य सङ्ख्यामा गरेको देखिन्छ । म्युनिसिपलिटीले विभिन्न समयमा साधारणसभाको बैठक बसी गरेका निर्णयहरूमध्ये कतिपय *गोरखापत्र*मा प्रकाशित छन् । आवश्यक विभिन्न उपसमिति गठन गरी यावत विषयमा उनीहरूले गहन छलफल गरेको ती प्रकाशित निर्णयहरू हेर्दा देखिन्छ । यद्यपि, कतिपय छलफलबारे सङ्क्षिप्त मात्र टिप्पणी त्यहाँ पढ्न पाइन्छ भने कतिपय विषयमा छलफलपछि के निर्णय भयो सो जान्न सकिन्न । म्युनिसिपलिटीको शुरूआतीमध्येको बैठक (भदौ २ गते) को समाचार भदौ ११, २००४ को *गोरखापत्र*मा सङ्क्षिप्तमा छापिएको छ । सो बैठकमा "कति वर्ष पुगेका लोग्नेमानिस, स्वास्नीमानिसहरूले भोट दिने अधिकार पाउने, भोट दिन नपाउने कस्ता किसिमका मानिसहरू भन्ने कुराले विशेष स्थान पाएको" समाचारले बताउँछ (गोरखापत्र २००४थ : २; तस्बिर ८) । तर, त्यसबारे केही निर्णय नभएको अनुमान हुन्छ । पहिलेको निर्वाचनमा महिलाले मताधिकार नपाएको परिप्रेक्ष्यमा कति वर्ष पुगेको महिलाले मत दिन पाउने भन्नेबारे छलफल हुनुलाई सकारात्मक नै मान्नुपर्छ । साथै, पछि असोज ३ गते भएको बैठकमा "कुटपीट बाहेकका अरू फौजदारी मुद्दामा ६ वर्षदेखि माथि जेल परेका र खोपिएकालाई भोटका अधिकार नदिने" (गोरखापत्र २००४ध : २) निर्णय गरेकाले महिलाले पनि मताधिकार पाउने निर्णय गरेको अनुमान हुन्छ ।[२६]

म्युनिसिपलिटीको भदौ २०, २००४ मा भएको अर्को बैठकमा वडैपिच्छे निःशुल्क प्राथमिक पाठशाला खोल्ने, तथा सहरको विशेष रूपले सफा-सुग्घर गर्नेबारे बहस भएको *गोरखापत्र*मा उल्लेख छ (गोरखापत्र २००४द : २) । असोज ३ गतेको बैठकले सभाको आवृत्तिमा परिवर्तन गर्दै पहिले १५/१५ दिनमा बैठक हुँदै आएकोमा अब ७/७ दिनमा शुक्रवार बैठक गर्ने निर्णय गऱ्यो । साथै, उसले आफूले खोल्ने प्राथमिक पाठशालाहरूमा "पढ्ने लडकाहरू" (लडकी भनिएको छैन) सुहाउँदा एक-एक पुस्तकालय राख्ने निर्णयसमेत

[२६] महिलाले (समान) मताधिकारको माग गरेको, र त्यसमा शासक "सकारात्मक" भएको प्रसङ्ग माथि आइसकेको छ । सम्भवतः त्यसै कारण महिलालाई मताधिकार दिने कुरा स्वीकृत भयो होला । फागुन २००४ मा भक्तपुर र ललितपुर म्युनिसिपलिटीको निर्वाचन भएको थियो, जसमा पनि महिलालाई मताधिकार दिइएको थिएन । २००७ सालको परिवर्तनपछि भएका निर्वाचनमा भने महिलालाई पनि मताधिकार र उम्मेदवार हुने अधिकार दिइएको थियो । २०१० सालमा भएको काठमाडौँ नगरपालिकाको निर्वाचनमा साधनादेवी (वडा ८), मायादेवी (वडा ९) हिरण्यकुमारी (वडा १०), शुशीलादेवी (वडा १६) ले उम्मेदवारी दाखिल गरेकामा मायादेवीले आफ्नो उम्मेदवारी फिर्ता लिएकी थिइन् (गोरखापत्र २०१०क : ४) । नेपालकै पहिलो निर्वाचित महिला जनप्रतिनिधि बन्न सफल साधनादेवी (प्रधान) ले आफ्ना प्रतिस्पर्धीभन्दा निकै बढी (२,४५५) मत ल्याउँदै निर्वाचित भएकी थिइन् (गोरखापत्र २०१०ख : ४) ।

गरिएको देखिन्छ । असोज १० गतेको म्युनिसिपलिटीको बैठकले आफ्नो "आमदानीको विचार, जायजेथाको हिसाब र बजेट तयार गर्नको निमित्त एउटा उपसमिति" गठन गर्ने तथा स्वास्थ्य अफिसरमा एउटा डाक्टरलाई भर्ना गर्ने निधो गऱ्यो (गोरखापत्र २००४न : २) । म्युनिसिपलिटीको अर्को बैठक (साधारणसभा भन्ने गरिएको; असोज १७ को) ले सात ओटा विषयहरूमा विशेष छलफल भै नियमहरू पास भएको जनाइएको छ । तिनमा १) स्यानिटेशन २) म्युनिसिपल चुनाउ ३) भोटरहरूको नामावली ४) भोट दिने नियम ५) भोटको निर्णय ६) सभापतिको अधिकार र ७) सपथ लिने वाचा भएको उल्लेख छ (गोरखापत्र २००४प : ४, तस्बिर ९) ।


म्युनिसिपालिटीको साधारण सभा

काठमाडौं, भाद्र २ गते आज ३-१५ बजेका [illegible]


[illegible] ४-४५ बजे [illegible]

*तस्बिर ८ : म्युनिसिपलिटीको बैठक बारेको समाचार (गोरखापत्र २००४थ : २) ।*

कात्तिक १५ गते बसेको म्युनिसिपलिटीको अर्को बैठकले सहरमा हुने खानेपानी तथा धारा वितरणसम्बन्धी विस्तृत विवरण प्रस्तुत गर्दै, व्यवस्थापनसम्बन्धी विभिन्न निर्णय गरेको छ (गोरखापत्र २००४फ र २००४भ) ।[२७] कात्तिक २० गते प्रकाशित अर्को सूचनाबाट म्युनिसिपलिटीले एउटा आफ्नो म्यागेजिन—*काठमाडौँ म्युनिसिपल पत्रिका*—प्रकाशन गर्न

[२७] तात्कालिक समयमा कान्तिपुर सहरमा दुइटा स्रोतबाट पानी आउने देखिन्छ—एउटा वीर धाराबाट १ घट्ट र त्रि-भीम धाराबाट ४ घट्ट गरी जम्मा ५ घट्ट अर्थात् २७,००,००० ग्यालन पानी दैनिक वितरण हुँदै आएको थाहा हुन्छ (गोरखापत्र २००४फ : ४) ।

लागेको ज्ञात हुन्छ (गोरखापत्र २००४ब : ३) ।[२८] मङ्सिर ६ गते बसेको म्युनिसिपलिटीको बैठकमा अर्थ उप-समितिले पेश गरेका विभिन्न विषयमा निर्णय नगरी पहिले विधान उप-समितिले तयार गरेको विधानमा छलफल गरी सो काम सकिएपछि मात्र अन्य विषयमा छिर्ने निर्णय गरेको थियो (गोरखापत्र २००४म : १) । यद्यपि, यो विषयमा म्युनिसिपलिटी अडेकोजस्तो देखिँदैन । मङ्सिर १६ गते भएको अर्को बैठकले म्युनिसिपलिटीलाई आमदानी हुने विषयहरू पास गरेको थियो (गोरखापत्र २००४य : ४) ।


म्युनिसिपलको सभा

काठमाडौं, आश्विन १७ गते। आज काठमाडौं म्युनिसिपल्टिको साधारण [illegible] भयो। यस बैठकमा निम्नलिखित विषय [illegible] विशेष छलफल भै नियम-हरू पास भए (१) स्यानीटेशन (२) म्युनिसिपल चुनाव (३) भोटरहरूको नामावली (४) भोट दिने नियम (५) भोटको निर्णय (६) सभापतिको अधिकार (७) आय [illegible] बाटा र कारवाई आश्विन ३ गते पास भएको दफा नं. १ का नियम आजको [illegible] पारित भयो।

*तस्बिर ९ : मत दिने अधिकारलगायतका निर्णय (गोरखापत्र २००४प : ४) ।*

[२८] कमल दीक्षित (२०३६) का अनुसार यो पत्रिका मङ्सिर २००४ देखि प्रकाशन हुन शुरू गरेको र त्यसका ११ अङ्क प्रकाशन भएको देखिन्छ । सो पत्रिकामा प्रकाशित हुने सामग्री सदस्य नरेन्द्रमणि आचार्य दीक्षितबाट स्वीकृत भएपछि मात्र प्रकाशित हुन्थ्यो (भट्टराई २०८१ : १२४) । सो पत्रिकाबारे थप जान्न कमल दीक्षितको "कहाँको कहाँ" निबन्ध हेर्नुहोस् (दीक्षित २०३६ : ८७–९४) ।

मङ्सिर-माघमा पनि नियमित बैठक गरी म्युनिसिपलिटीले विभिन्न निर्णय गरेको देखिन्छ । पुसमा साविक चेयरम्यान गेहेन्द्र शमशेर कन्सुलरमा नियुक्त भएर दिल्ली गएपछि रिक्तस्थानमा हेमबहादुर गर्तौलालाई सरकारले नयाँ चेयरम्यान नियुक्त गरेको थियो (गोरखापत्र २००४व : ४) ।[२९] यो नेतृत्व परिवर्तनले म्युनिसिपलिटीको काम गराइमा खासै फरक पारेको देखिन्न, किनभने त्यसपछि पनि उसले अघिकै जस्तै विभिन्न नीतिगत निर्णय गरेको देखिन्छ । म्युनिसिपलिटीले गरेका निर्णयहरूमा चिडियाखाना, कलाशालाको बन्दोवस्त, धराप रहेका घर भत्काउन लगाउने, सडकमा छाडा गरेका चौपाया थुन्ने ठाउँको बन्दोवस्त गर्ने र चौपायाधनीलाई जरिबाना गर्ने, सडकको नाम र घरको नम्बर राख्ने उप-समिति बनाउने, सभा गर्ने, सभामा प्रस्ताव पास गर्ने, म्युनिसिपलिटीका कामदार मानिसहरू पजनी गर्ने, भर्ना गर्ने, सडकमा रूख लगाउने, लाइसेन्स दिनेजस्ता विषय सामेल छन् (हेर्नुहोस्, गोरखापत्र २००४य : ४, २००४र : २, २००४ल : ३) ।

त्यस्तै, घर बनाउँदा वा थपघट गर्दा पालना गर्नुपर्ने विभिन्न विषय (जस्तै, झ्याल-ढोका, ढल, नाला, चर्पी, कम्पाउण्ड, छाना, पानी, नक्सापास इत्यादि), कर्मचारी र विभिन्न उपसमितिहरूको गठनको विषय, सडकको विषय (सफाइ, मरमत, विस्तार, स्तरोन्नति, ढल-निकास, सडक बत्ती, सडक पेटी, आदि), पसल-टहरा राख्ने वा बजार बन्दोवस्त गर्ने, म्युनिसिपलको जायजेथासम्बन्धी, पशु-चौपाया बधशालासम्बन्धी, सरसफाइ र रोगव्याधसम्बन्धी, म्युनिसपल हिसाब-किताव वा बजेटसम्बन्धी, कर-तिरो महशुल सबन्धी, लाइसेन्ससम्बन्धी, जन्म-मरणको लगत राख्नेसम्बन्धी, बेवारिसे मुर्दा, स्मशान घाट र धोविघाटसम्बन्धी, स्यानिटेशन, रोग-ब्याध (सरुवा रोग) नियन्त्रण र प्रदर्शनीसम्बन्धी, आदि यावत विषयमा म्युनिसिपलिटी बैठकले विभिन्न ठहर गरेको पाइन्छ (हेर्नुहोस्, गोरखापत्र २००४व : ४, २००४श : २, २००४ष : ३, २००४स : २, २००४ह : २,३, २००४क्ष : ३, २००४ज्ञ : २, २००४कख : ३, २००४कग : २, २००४कघ : ३, २००४कज : २) ।

सरकारले म्युनिसिपलिटी गोश्वारालाई असार १२ गते दिएको “भोटरहरूका नामावली र विधान बनाउन लगाउनू” भन्ने कार्यादेश (सनद) बमोजिम म्युनिसिपलिटीले विधान बनाएको र सो विधानको नाम “काठमाडौँ म्युनिसिपल विधान” राखी फागुन १, २००४ मा बसेको साधारण सभाले स्वीकृत गरेको थियो । साथै, विधान खडा हुनुअघिका काम पुरानो ऐन-सवालबमोजिम हुने र पछिका काम नयाँ विधानअनुरूप हुने सभाले निर्णय गऱ्यो । काठमाडौँ म्युनिसिपलको भौतिक इलाका पनि विधानले तोक्यो (गोरखापत्र

[२९] नेपालताराको पदवीसमेत पाएका ले.क. गर्तौला इन्जिनियर भएको र महासमरमा इण्डियामा रही काम गरेको बताइएको थियो (गोरखापत्र २००४व : ४) ।

२००४कङ : २) ।[३०] तदउप्रान्त "म्यूनिसिपल बोर्ड खडा गर्नुपर्दा ओडा ओडाबाट रोजिएका र सरकारतर्फबाट खटिएका सदस्य मेम्बरहरू रही म्यूनिसिपल बोर्ड खडा हुने" पनि सो सभाले निर्णय गऱ्यो ।[३१] तथापि, म्युनिसिपल अड्डाले बनाएको विधान, आदि स्वीकृतिका लागि उसले सरकारमा पेश गरेर मञ्जूरी पाएपछि मात्र कार्यान्वयनमा जाने थियो । त्यस समय सरकारले नगर र गाउँ पञ्चायतहरू खडा गर्ने सोच बनाएको र सोका लागि म्युनिसिपलिटीले बनाएको विधानलाई परिमार्जन गरी सबैलाई "मिल्ने गरी नगर पञ्चायती ऐन बनाउन लागेको" खबर वैशाख १४, २००५ को *गोरखापत्र*मा प्रकाशित छ (गोरखापत्र २००५क : १, २००५ख : १) ।

माथिका विवरणिकाबाट जेठमा गठन भएको म्युनिसिपलिटी बोर्डले थुप्रै नीतिगत निर्णय गरेको देखिन्छ । तर, उसको काम-कारवाहीबाट सामान्यजन चाहिँ खासै प्रभावित भएको देखिँदैन । सम्भवतः ती नीतिगत निर्णयहरू व्यवहृत नभएका हुँदा पब्लिकले म्युनिसिपलिटीको उपस्थिति अनुभूत गर्न नसक्नु अन्यथा पनि भएन । त्यसैले, नगरबासी केहीले म्युनिसिपलिटीको काम-कारवाहीलाई सार्वजनिक रूपमा प्रश्न उठाए । यस्ता गुनासा आइसकेपछि म्युनिसिपलिटीले फागुन ८ गतेको *गोरखापत्र*मा एउटा विज्ञप्ति प्रकाशन गर्दै आफूलाई कुनै अख्तियारी नदिइएकाले आफ्नो सीमा रहेको प्रस्ट पारेको थियो । विज्ञप्तिमा भनिएको थियो : "आफ्नो इलाकाभित्रका स्थानीय प्रवन्ध संबन्धी कुनै प्रकारको अख्तियार यस समितिले पाएको छैन ।" उसले थप्यो, "२००४ आषाढ १२ गतेको म्यूनिसिपलिटीका सभापति र हाकिम कारिन्दाका नाउमा भएको खड्गनिशानाबमोजिम समितिका सदस्यहरूले विधान बनाउने र चाहिएमा कामकाजमा सल्लाहसम्म दिने भएकाले विधान बनाउने काममा लागिरहेको हो ।" नागरिकलाई धैर्य गर्न आग्रह गर्दै विज्ञप्तिमा अगाडि भनिएको छ :

> पुरानो सनद सवालबमोजिम काम चलाउनलाई एक जना उप-सभापतिको जरुरत भएकोले सो कामकाजमा मद्दतको लागि यस समितिको उप-सभापति छानिएर आफ्नै इच्छाले अवैतनिक भएर पनि रोज २ रुजु भई आउनुभएको छ । सो दुवै पाइए पछि यस समितिले नागरिकहरूलाई हरतरहबाट चित्त बुझाउने कोशिश गर्ने छ । त्यसैले नागरिकहरूबाट केही कालसम्मलाई धैर्यको आशा

[३०] यसअनुरूप म्युनिसिपलिटीको नयाँ विधान "पूर्व बौद्ध र बागमतीका तीरैतीर देउपाटन, बत्तीसपुतली, वानेश्वर, बालाज्यू र ट्यानरीदेखि सडकैसडक स्वयम्भूनाथसम्म स्वयम्भूदेखि टाहाचल वङ्गालाको पश्चिम सड़कै सड़क सलामीपाटी कालिमाटीसम्म, उत्तर बालाज्यू, बाँसवारी र बौद्ध, दक्षिण वागमती सलामीपाटी निरको कालीमाटोको खोल्सो पनि चार किल्ला भित्र लाग्ने" भयो (गोरखापत्र २००४कङ : २) ।

[३१] म्युनिसिपल बोर्डको यो बुनोट वा कम्पोजिशन पहिलेको भन्दा कुनै भिन्न चाहिँ देखिन्न ।

> गर्दछौं । विधान सकिएपछि सरकारमा पेश गरी निकासा भएबमोजिम काम भैहाल्ने छ । यति नहुन्ज्याल यस समितिलाई काम गरेन भनी दोषारोपण गर्नु मनासीव पर्दैन । रातभरिमा सबै काम होला भनी आशा गर्न पनि त उचित होइन । कामको सुव्यवस्थालाई केही समय लाग्दछ । (गोरखापत्र २००४कच : २)

यसरी म्युनिसिपलिटीले व्यावहारिक कामतर्फको आफ्नो अक्षमतालाई स्वीकार्दै त्यसको सफाइ (जस्टिफिकेशन) दिए पनि, र धैर्य गर्न आग्रह गरे पनि ऊ यसपछि सक्रिय भएको देखिँदैन । यसैबीच म्युनिसिपलिटीका निर्वाचितमध्ये बहुमत सदस्यले राजीनामा दिएपछि त म्युनिसिपलिटी थप अकर्मण्य भएको र उसले खासै काम गर्न नसकेको देखिन्छ ।

## निर्वाचित बहुमत सदस्यको राजीनामा र अकर्मण्य म्युनिसिपलिटी

म्युनिसिपलिटी गठन भएयता नियमितजसो बैठक बसी विभिन्न नीतिगत निर्णयहरू गर्दै आएका सदस्यहरूले कहिले र किन राजीनामा दिए, ठ्याक्कै भन्न सकिन्न । म्युनिसिपलिटीका सदस्य रहेका शेषराज दली (२०५७ : २९) ले माघ २००४ तिर राजीनामा दिएको उल्लेख गरेका छन् भने अर्का सदस्य भुवनलाल प्रधान (२०४७ : १७५) ले चाहिँ चैत २८, २००४ मा सदस्यहरूले राजीनामा दिएको लेखेका छन् । *गोरखापत्र*का अङ्कहरू केलाउँदा म्युनिसिपलिटीले कम्तीमा फागुनको दोस्रो सातासम्म काम गरिरहेको देखिन्छ । उसको माथि उल्लिखित (फागुन ८ गतेको *गोरखापत्र*मा छापिएको) व्यावहारिक काम गर्न नसकेको आत्मस्वीकृतिवाला विज्ञप्ति पछिल्लो मध्येको हो ।[३२] फागुनको दोस्रो साता नै ललितपुर र भक्तपुरमा समेत म्युनिसिपलिटीको निर्वाचन सम्पन्न भएर काठमाडौँमा जस्तै संरचना खडा भएको देखिन्छ (हेर्नुहोस्, गोरखापत्र २००४कछ : ४, २००४कझ : ४) ।[३३]

[३२] फागुन १३ गतेको *गोरखापत्र*मा पनि म्युनिसिपलिटीको साधारणसभाको निर्णय प्रकाशित छ, तर त्यो निर्णय उसले फागुन १ गते बैठकमा गरेको हो (गोरखापत्र २००४कज : २) ।

[३३] ललितपुर म्युनिसिपलिटीका निर्वाचित सदस्यहरू थिए : सु. नैनबहादुर खत्री क्षत्री वडा - १, देवीसिंह हमाल - २, उपेन्द्रबहादुर अमात्य - ३, मुक्तिमान - ४, रुद्रबहादुर श्रेष्ठ - ५, मु. चन्द्रबहादुर - ६, रामप्रसाद अमात्य - ७, सूर्यमान जोशी - ८, रुद्रलाल श्रेष्ठ - ९ र नारानप्रसाद - १० । त्यस्तै, भक्तपुरका निर्वाचित सदस्यहरू : हर्षबहादुर प्रजापति वडा - १, कृष्ण प्रसाद ल्याजु - २, महन्त गोविन्दहरि जंगम - ३, मास्टर मदनलाल - ४, विज्ञानबहादुर मल्ल - ५, साहू विकुमान श्रेष्ठ - ६ र तारणिका ? जोशी - ७ । वडा नम्बर २ मा नासु ललितबहादुर मुल निर्वाचित भए पनि निज जलेश्वरमा कायममुकायम भएकाले दोस्रो हुने ल्याजुलाई कार्यभार दिएको देखिन्छ (गोरखापत्र २००४कझ : ४) ।

यी सबैले फागुनको दोस्रो-तेस्रो सातासम्म पुरानै सरकारी नीतिहरूले निरन्तरता पाएको देखिन्छ ।[३४]

काठमाडौँ म्युनिसिपलिटीको उपरोक्त विज्ञप्ति आएको दुई महिनाभित्रै (वैशाख २१, २००५ गतेको) *गोरखापत्र*मा एउटा सरकारी सूचना प्रकाशित छ, जसले विभिन्न १२ वडामा नयाँ चुनाव हुन लागेको जानकारी दिन्छ : "तपसीलका वडाहरूको चुनावमा खडा [हुन चाहने] उमेदवारहरूले काठमाडौँ म्यूनिसिपल अड्डामा यही वैशाख २३ गतेसम्म कमसेकम १५ प्रतिष्ठितहरूको सही परेको दरखास्त दाखिल गर्नु" (गोरखापत्र २००५ग : ४) ।[३५] साथै, उक्त सूचनामा ब्लक (वडा) नम्बर र ती वडाहरूमा पर्ने टोलहरूको सूचीसमेत दिइएको छ । चुनाव हुन लागेका वडाहरूको सूचीबाट म्युनिसिपलिटीबाट राजीनामा दिएका सदस्यहरूको सूची तयार गर्न सकिन्छ, जुन यसप्रकार हुन आउँछ : वडा ३ - मोहनबहादुर डंगोल, ४ - विष्णुलाल डंगोल, ७ - कर्णबहादुर श्रेष्ठ, ८ - पन्नाप्रसाद जोशी, ९ - पूर्णबहादुर श्रेष्ठ, १० - उदयलाल श्रेष्ठ, ११ - भुवनलाल प्रधान, १३ - कृष्णबहादुर मानन्धर, १४ - शेषराज दली, १५ - यदुनाथ खनाल, १६ - प्रकाशमान प्रधान, र २० - रामजीप्रसाद ।

योबीचमा के त्यस्तो परिस्थिति सृजना भयो, जसले गर्दा बहुमत सदस्यले राजीनामा दिनुपर्‍यो, सो *गोरखापत्र*का सामग्रीबाट खुल्दैन । यसका लागि हामीले तात्कालिक बदलिएको राजनीतिक परिस्थितितिर फर्कनुपर्छ । माथि उल्लेख भइसकेको छ—सुधार समिति गठन गरेर संविधान निर्माण गर्ने अग्रसरता लिएका पद्म शमशेरले वैधानिक जग निर्माण नहुँदै म्युनिसिपलिटीको निर्वाचन प्रक्रिया अगाडि बढाएका थिए । यता म्युनिसिपलिटीले आफ्ना यावत नीतिगत निर्णयका साथै विधान बनाउने, र उता संविधान निर्माण गर्ने काम समानान्तर रूपमा अगाडि बढेको थियो । पद्म शमशेरले सुधारको नेतृत्व

[३४] २००४ सालको संविधानअनुसारको विधायिकाको जसोतसो गठन असोज २००७ मा भयो । सबै रीत नपुर्‍याइकन गठित यो नेपालको पहिलो विधायिकाको उद्घाटनसमेत गरिएको थियो (हेर्नुहोस्, पराजुली सन् २०२२ख) । सो विधायिकामा चार ओटा नगर पञ्चायतबाट पनि प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो, जसमध्ये काठमाडौँ नगर पञ्चायतबाट ईश्वरीप्रसाद रिमाल, भक्तपुरबाट गोविन्दहरि जङ्गम र ललितपुरबाट रुद्रबहादुर श्रेष्ठ प्रतिनिधि तोकिएका थिए । वीरगञ्जमा नगर पञ्चायत गठन नभैसकेकाले उसको प्रतिनिधित्व खाली थियो । यी तथ्यले नगरपालिकाले काम गरे पनि गरे/नगरे पनि औपचारिक अस्तित्व २००७ सालसम्मै थियो भन्ने पुष्टि हुन्छ ।

[३५] भुवनलाल प्रधान (२०४७ : २५६) ले चाहिँ ११ जनाले राजीनामा दिएको लेखेका छन् । र, तिनको नाउँ धरि दिएका छन् । तर उनले दिएको सूची र यहाँ उल्लिखित सूचीमा भएका नाममा पनि केही भिन्नता छ । प्रधानका अनुसार थप छ जना निर्वाचित सदस्यले पनि पछि राजीनामा दिएका थिए ।

लिएर विधान निर्माण गरे पनि उनी आन्तरिक राजनीतिमा क्रमशः कमजोर हुँदै गइरहेका थिए । जसोतसो उनले माघ (१३) मा संविधान घोषणा गरे, र सो अर्को वर्ष (२००५ साल) वैशाखबाट क्रियान्वयनमा जानेसमेत भनियो (गोरखापत्र २००४कक : १) । तर, त्यसअघि नै उनले आफूले सत्ता छाड्ने सङ्केत दिइसकेका थिए । आफू बूढो भएको, अनि स्वास्थ्यमा पनि गडबडी भएकाले उपचारका लागि भारत जाने, र उताबाट फर्कने-नफर्कने निश्चित नभएको उनले माघको पहिलो साता नै बताएका थिए (हेर्नुहोस्, गोरखापत्र २००४त्र : १), र सोही कुरा संविधान घोषणा गर्ने क्रममा दोहोऱ्याएका थिए (हेर्नुहोस्, गोरखापत्र २००४कक : १) ।

आफ्नो पूर्वघोषणाअनुसार उनी फागुन १८ गते भारततर्फ प्रस्थान गरे । यससँगै राजकाजमा मोहन शमशेरको हालीमुहाली शुरू भयो । यद्यपि, निकै ताकेतापछि वैशाखको दोस्रो साता मात्र पद्म शमशेरले भारतबाट राजीनामा पठाएका थिए । पद्म शमशेरको राजीनामा नआए पनि मोहन शमशेरले यता शासनसत्तामा कब्जा जमाइसकेका थिए— पद्म हिँड्ने बित्तिकै उनी सिंहदरबारमा सरिसकेका थिए । अनि, चैतको अन्तमा उनले तात्कालिक नेपाली कांग्रेसलाई नेपालको सरहदभित्र प्रतिबन्ध लगाइसकेका थिए (गोरखापत्र २००४कञ : १; पराजुली सन् २०२२ख, तस्बिर १०) । अन्ततः जेठ दोस्रो सातादेखि मोहन शमशेरले औपचारिक हिसाबले राजकाज हातमा लिए ।[३६] आफ्नो सिन्दूरयात्राको अवसरमा दिएको भाषणमा उनले संविधानका "बाँकी दफाहरू चालू गराउँदै लिएर जाने विषयमा पनि हाम्रो ध्यान गइरहेको छ" (शारदा २००५ : ६–७) भने पनि जनतालाई शासनमा सहभागी बनाउने काममा उनको कुनै रुचि थिएन ।[३७] उनले शासन हातमा लिएपछि पद्म शमशेरले प्रारम्भ गरेका कतिपय "सुधार" का काम पाखा परे ।

[३६] मोहन शमशेरले जेठ १४, २००५ मा सिन्दूरयात्रा गरेका थिए भने जेठ २२ मा राज्याभिषेक गरेका थिए ।

[३७] आफ्नो भाषणमा मोहन शमशेर अगाडि भन्छन्, "देशको वर्तमान परिस्थिति र बाटो र यातायात इत्यादि विषयका कठिनाइहरूले गर्दा काम गर्नालाई केही समय लाग्न जाने भए तापनि सकभर चाँडो सबै प्रबन्ध हुन जावस् भनी चाहिएको कारवाई गरी बक्सेका छौं ।" यो वाक्यले संविधान क्रियान्वयनमा जानेमा शङ्का पैदा गराइदिन्छ । र, विधायिकाको निर्वाचन गराई शासनमा जनसहभागिता गराउन चाहँदैनथे भन्ने कुराको पुष्टि त्यसपछिको वाक्यले गर्छ : "हालमा राष्ट्रसभाको निमित्त निर्वाचित सदस्यहरू नआएसम्म पहाड र मदेशबाट दुई चार जना गरी त्यहाँका ल्याकतदार मानिसहरूलाई प्रतिनिधिको हैसियतमा पहाड, मदेशनिकसारी अड्डाहरूको काममा सल्लाह दिनलाई मुकर्रर गरिबक्सने छौं" (शारदा २००५ : ७) । विधायिकाको निर्वाचन र तिनको कर्तव्य/दायित्वलाई उनले हल्का रूपमा लिएका थिए भन्ने यसले देखाउँछ । पछि असोज २००७ मा मात्र विधायिका गठन गरियो (हेर्नुहोस्, पराजुली सन् २०२२ख) ।

भाग ४५ ] संवत २००४ साल, चैत्र ३१ गते

आफै नेपाल राष्ट्रिय कांग्रेस नाम लिई खडा भएको संस्था वा त्यसका सदस्यहरूलाई नेपाल राज्यभर हद गरिबक्सेको छ ।

इश्तिहार

आगे नेपालराज भरमुलुकका भाइभारादार रैती दुनियाँ मात्र महाजन गैह्रकै, स्वयं घोषित नेपालराष्ट्रियकांग्रेसले हत्याकाण्ड मचाउने मनपायक्ले गैर कानूनी संस्था खडा गर्ने, मुलुकको हुन्नाको खलल गर्ने, निजी ईर्ष्या र लोभित देशकै स्वाधीनता गुमाउन तत्पर हुने, वर्तमान सरकारउपर नानाप्रकारको झुठा अपवाद लगाई सरकारप्रति दुनियाँको मनमा द्वेष र घृणा पैदागराउन खोज्ने, डर, त्रास र लालचा देखाई सरकारी कर्मचारीहरूलाई पनि बखिलाप काम गर्न उत्तेजित गराउने, पल्टन भड्काउने लक्ष्य लिई सरकारउपर केयन निमकहरामी र अभक्ति पैदागराउने उद्देश्यले पर्चाहरू बाँड्ने, देशको शान्ति भङ्ग गर्ने मनमाफले बलप्रयोग प्रयोग गर्न धंकी दिने यस्तै अरू किसिमका कारबाई गरेकाले सरकारले स्वयं घोषित नेपालराष्ट्रिय कांग्रेसलाई नेपालराज्यभर हद गर्न आवश्यक ठहऱ्याई हद गरिबक्सेको छ ।

स्वयं घोषित नेपाली राष्ट्रिय कांग्रेसलाई सरकारी वा गैर सरकारी संस्था वा संघको सदस्य चुन्न वा बन्न र अब प्रचलित हुने नयाँ वैधानिक कानूनबमोजिमका हक अधिकारहरू नपाउने गरिबक्सेको छ.

अरू कुनै संस्था वा संघलाई पनि माथिलेखिएको स्वयं घोषित नेपाली राष्ट्रिय कांग्रेसको उद्देश्य र नियमहरू कायम राखी नेपालराज्यभित्र खडा हुन मनाई गरिबक्सेको छ। इति सम्बत २००४ साल चैत्र ३१ गते रोज २ शुभम्

*तस्बिर १० : नेपाली राष्ट्रिय कांग्रेसलाई प्रतिबन्ध लगाइएको इश्तिहार (गोरखापत्र २००४कञ : २) ।*

यो राजनीतिक (सत्ता) परिवर्तनको प्रतिच्छायाँ म्युनिसिपलिटीमा समेत पऱ्यो । यद्यपि, सिन्दूरयात्राको भाषणमा म्युनिसिपलिटीबारे उनले एउटै शब्द पनि खर्चेका छैनन् । आफूलाई दिइएको विधान निर्माणको काम सकिएकाले म्युनिसिपलिटीका सदस्यहरूले अब अन्य व्यावहारिक कामका लागि शासकसँग आवश्यक कार्यादेश र रकम दुवै खोजे, तर नयाँ शासक मोहन शमशेरले ती दुवै कुरा उपलब्ध गराउने कुनै छाँटकाँट देखाएनन् । यसबाट रिस्सिएका सदस्यले आफ्नो पदबाट राजीनामा गरे । अर्थात् मोहन शमशेरको उदयसँगै म्युनिसिपलिटीको अधोगति प्रारम्भ भयो ।

म्युनिसिपलिटीका बहुमत सदस्यले राजीनामा दिएपछि ती स्थानमा नयाँ सदस्य चुन्न वैशाखको अन्तिम साता हुने भनिएको निर्वाचन पनि असफल भयो । *गोरखापत्र*का पछिल्ला

अङ्कहरू केलाउँदा म्युनिसिपलिटीमा निर्वाचन भएको वा सदस्यहरू निर्वाचित भएको खबर पाइँदैन । असार १२ गतेको *गोरखापत्र*मा एउटा सानो शीर्षकबिनाको समाचार-सूचना छापिएको छ, जसमा भनिएको छ : "काठमाडौँ म्यूनिसिपलिटीका चुनिएका सदस्यहरूमध्ये १२ जनाले (?) बाड्ने(?) र चुनाउमा भोट दिन पाउनेहरूको नामावली तयार गर्ने काम नसकी आफ्नो पद राजीनामा गरेकाले पनि थोरै काम बांकी रहेका सदस्यहरूका मद्दतबाट पनि पूर्ति हुन सक्ने देखिएकोले सरकारवाट यो काम शुरू गरी बक्सियो । यो काम सकिना साथ र नगर पञ्चायति ऐन तयार हुने वित्तिकै सबै वडामा नयाँ चुनाव हुने भएको छ" (गोरखापत्र २००५घ : ३) । *गोरखापत्र*को यो सूचनाबाट न १२ जनाले किन राजीनामा दिए त्यो जानिन्छ, न वैशाखमा हुने भनिएको चुनाव किन हुन नसकेको हो सो प्रस्ट हुन्छ । तर, अन्य अभिलेख-सामग्रीबाट के-कसो भएको हो भन्ने अलि बढी जानकारी पाइन्छ ।

मोहन शमशेर शासनसत्तामा आएपछि "सुधार" को गति रोकिएको थियो, तर उनलाई खास गरी भारतबाट सुधारका लागि ठुलो दबाब थियो । सुधार नगर्दा नेपालका आन्तरिक विद्रोही (नेपाली कांग्रेस इत्यादि) र बाह्य (खास गरी कम्युनिष्ट चीन) शक्तिको कुनै हिसाबले "कन्फ्लुयेन्स" हुन जाँदा नेपाल आफ्नो पकडबाट बाहिरिने र आफ्नो देशलाई असुरक्षा हुने भारतको बुझाइ थियो । यसैले मोहन शमशेरलाई सुधारका लागि भारतले निरन्तर दबाब दिँदै थियो, तर उनले "कान ढालेरै" बसेका थिए ।[३८] फागुन २००६ मा मोहन शमशेर भारतको औपचारिक भ्रमणमा जाने भए ।[३९] भारत जानुअघि आफूले नेपालमा सुधारका कामलाई निरन्तरता दिइरहेको छु भनी देखाउन माघ ९, २००६ मा भाइ-भारादार र अन्य व्यक्ति राखी उनले एउटा भाषण दिए । गाउँ पञ्चायतहरूको गठनका लागि आफूले दौडाहा टोली गठन गर्न लागेको उनले सो भाषणमा उद्घोष गरे (गोरखापत्र २००६ : १) । आफ्नो बुबाको पालादेखि नै सरकारले दुनियाँलाई शासन प्रक्रियामा सामेल गर्न

[३८] भीमबहादुर पाँडे (२०७१[२०४०] : ११९) का अनुसार भारतीय प्रधानमन्त्री नेहरूले मोहन शमशेरका छोरा विजय शमशेरलाई बोलाई "... चीनले आफ्नो विस्तारवादी नीति एशियामा फैलाउनुभन्दा अघि तपाईं-हामीले आफ्नो आर्थिक र राजनीतिक सुधार गरिसक्नुपर्दछ; अब समय धेरै छैन; नेपालले अझ पनि जनप्रतिनिधिहरूलाई सरकारमा सरिक गराउने दिशातिर ठोस कदम चाँडो चालेन भने भारतले पछि नेपाललाई मद्दत गर्न मुश्किल पर्दछ" भनेका थिए । जवाहरलाल नेहरूका चिठ्ठीपत्र र भारत सरकारका विभिन्न अभिलेखबाट पनि भारतको चासो-चिन्ता र नेपाललाई उसले दिएको दबाब प्रस्टिन्छ ।

[३९] मोहन शमशेरको भारत भ्रमणका क्रममा पनि नेहरूले उनीसँग जनप्रतिनिधिलाई सरकारमा सरिक गराउनै पर्दछ भनेको भीमबहादुर पाँडे (२०७१[२०४०] : १२६) ले लेखेका छन् । सो सुझावले मोहनलाई असजिलो पारेको पाँडेको ठम्याइ छ ।

खोजे पनि समय परिपक्क नभएको र रैतीको अरुचि/अज्ञानका कारण सो सम्भव नभएको सोही क्रममा उनले बताए :


> श्रद्धेय पूजनीय बुवाज्यू श्री ३ महाराज चन्द्र शमशेरवाट पनि म्युनिसिपलिटी इत्यादि लोक प्रतिनिधि सभा र राजकर्मचारीहरूको नियुक्तिबाट दुनियाँलाई अरूतिर चलेको यो प्रथामा तालीम गराउने प्रशंसनीय उद्योग गरिबक्सेको हो । तर त्यस समयमा पनि समय परिपक्क भइसकेको रहेनछ । आजको तीनै वर्ष मात्रअघि हाम्रो यो राजधानीमा दुनियाँले छानेका सदस्यहरू धेरै राखी यहाँको म्युनिसिपलिटी कायम होस् भन्ने वन्दोवस्त भएकोमा सो बन्दोवस्तबाट काम चल्न नसकी सदस्यहरूले राजीनामा गरी काम चलाउन पर्ने हुनाले नियुक्त भएका सदस्यको संख्या बढी हुनगए तापनि गराई दुनिया तालीम हुँदै आएपछि निर्वाचित र नियुक्त दुवैथरी सदस्य राखने इन्तजाम भएको छ । (गोरखापत्र २००६ : १)

"दुनियाँ तालीम हुँदै आएपछि निर्वाचित र नियुक्त दुवैथरी सदस्य राख्ने इन्तजाम भएको" भन्ने कुराले निर्वाचित सदस्यहरूलाई मात्र र सहजै म्युनिसिपलिटी चलाउन दिने कुरामा मोहन शमशेरको कुनै रुचि नभएको बुझिन्छ । उनले बहुमत सङ्ख्या मनोनीतको राखी म्युनिसिपलिटी चलाउने व्यवस्था गरेको देखिन्छ ।

२००७ सालको वैशाखको अन्तिम साता मोहन शमशेरको सरकारले अन्ततः नगर पञ्चायत ऐन जारी गऱ्यो (गोरखापत्र २००७क : १; तस्बिर ११) ।[४०] सो ऐन जारी गर्ने अवसरमा जारी सूचनाको पृष्ठभूमिमा यसअघि नेपालमा स्थानीय सरकार स्थापना गर्न भएका प्रयास र तिनको असफलताको चर्चा गरिएको छ । २००४ सालको म्युनिसिपलिटीबारे अलि लामै चर्चा गर्दै बहुमत सदस्यले राजीनामा दिँदा म्युनिसिपलिटी चल्न नसकेको र सो सञ्चालनका लागि भएको सरकारी प्रयासको बेलिविस्तार त्यहाँ छ :

> २००४ साल आषाढमा म्यूनिसिपलटी अफिसरका नाउँमा सनद गरिबक्सेकोमा लेखिए बमोजिम दुनियाँतर्फबाट छानिएका सदस्यहरू र सरकारतर्फबाट मुक्रर भएको अफिसरहरूसमेत भै छलफल गरी केही दिन कामचली आई सकेपछि

[४०] पहिले म्युनिसिपलिटी भनी आएका संरचनालाई नगर पञ्चायत भन्ने र गाउँका त्यस्तै संरचनालाई गाउँ पञ्चायत भन्ने निर्णय २००७ सालमा गरियो (गोरखापत्र २००५क : १, २००५ख : १) । सोहीबमोजिम भदौ ९ गते प्रकाशित सूचनाले आइन्दा साविक म्युनिसिपलिटीलाई नगर पञ्चायत भन्ने निर्णय गरिएको जनाऊ दिएथ्यो (गोरखापत्र २००७ग : १) ।



तपसील

नगर पञ्चायत ऐन

१ (क) यो ऐनको नाम नेपाल राज्य नगर पञ्चायती ऐन हुनेछ ।

(ख) सदर तालुक अड्डाबाट यो ऐनबमोजिमको काम गराउनालाई मतब दिनहार अखबारमा नियम जारी हुनेछ ।

ग) आवश्यक परेमा सदर तालुक अड्डाले नियमहरू अदल बदल थापघट पनि गर्न सक्नेछ ।

*तस्बिर ११ : गोरखापत्रमा धारावाहिक रूपमा प्रकाशित नगरपञ्चायत ऐनको अंश (गोरखापत्र २००७क : १) ।*

दुनियाँतर्फबाट छानिएका सदस्यहरूले सदस्य भै काम गर्नामा मंजुर नगरी धेरै जनाले राजीनामा गरेकोबाट म्यूनिसिपलिटीको काम रोकिएको र म्यूनिसिपलिटी काम अइलेसम्म राम्रो हिसाबसँग चल्ननसकी दुनियाँलाई दुःख पीर परको बेहोरा सरकारमा जाहेर भएका हुनाले सो ४ सालमा भएको खड्गनिसाना बमोजिम नगर्ने गरी अब काम कुनै अवस्थामा पनि नरोकी सरासर चल्ने गर्नालाई के वन्दोवस्त गर्नुपर्ला तजबिज गरी जाहेर गर्नु भन्ने हुकुम बक्से बमोजिम वैधानिक समितिबाट तर्जुमा जाहेर गरेको मुकर भएका अफिसर हाकिमका कमेटीसमेत राखी श्री मिनिष्टर याण्ड कम्याण्डर इनचीफ प.क.ज. पू. क.ज. अरु जनरलहरू र नायब वडा गुरुज्युसमेत भै जाहेर भएकोबाट नगर पञ्चायतको सभामा खटिका र चुनिएका सदस्यहरूमध्ये २ खण्डको १ खण्ड जम्मा हुनैपर्ने नियम लेखिएकोले सो बमोजिम भएका अरू चुनिएका सदस्य आएनन् राजीनामा गरे पनि लेखिए बमोजिम भएका सदस्यहरूबाट काम चलाउन पाउने भै काम नरोकिने भएको बेहोरा जाहेर भएको हामीबाट पनि सदर गरिबक्सेको नगर पञ्चायतको तपसील बमोजिमका ऐन हाम्रा नेपाल राज्यभर मुलुकमा जारी हुने गरिबक्सेको छु । (गोरखापत्र २००७ख : ११)

२००४ सालको प्रबन्धले म्युनिसिपलिटीको काम चल्न नसक्ने भएकाले मोहन शमशेरको सरकारले आपसमा छलफल गरी त्यस्तो प्रबन्धमा परिवर्तन गर्दै निर्वाचित सदस्य नआए वा राजीनामा गरे पनि सरकारले मनोनीत गरेका सदस्यबाट म्युनिसिपलिटी चल्ने व्यवस्था गरिएको यसले देखाउँछ । थप, पहिले तालिम दिएर पोख्त भएपछि मात्र शासनमा क्रमशः सहभागी बनाउने भन्ने सरकारी भनाइ/नीतिले राणा सरकार निर्वाचित प्रतिनिधि चाहँदैनथ्यो भन्ने बुझिन्छ । पोख्त हुने अवसर नदिने र पोख्त छैनौ त्यसैले चलाउन सक्दैनौ भन्ने शासकहरूको पुरानै तर्क हो, जुन अद्यापि कायमै छ ।

असोज २००७ मा नेपालको पहिलो विधायिकाको उद्घाटन अवसरमा सुवर्ण शमशेर राणा (जो सो विधायिका गठन गर्ने समितिको हर्ताकर्ता थिए) ले वाचन गरेको भाषण ढुण्डीराज शर्माको पुस्तकमा उद्धृत छ (हेर्नुहोस्, शर्मा २०१६ : २२३–२३६) । सो भाषण क्रममा उनले काठमाडौँ म्युनिसिपलिटीबारे समेत चर्चा गरेका छन्, जसबाट म्युनिसिपलिटीको गठन/सञ्चालनमा भएका समस्याबारे र सञ्चालनको प्रबन्धबारे थप कुरा खुल्छ :

> दुनियाँले कतिसम्म राजकाजको अभिभारा उठाउन शक्तछन् भन्ने विचार गर्ने हेतुले ... काठमाडौँमा ... एक अस्थायी स्थानीय स्वतन्त्र संस्था खडा गऱ्यो । ... तर काम सुचारू रूपमा चलेन भन्दै २१ निर्वाचित सदस्यहरूमध्ये ११ सदस्यहरूले अभिभारा सुम्पिएको ९ महिनाभित्रै राजीनामा दिए । ... स्वास्थ्यको कारण वा घरको अनुकूल नमिल्दा पटक-पटक गरी फेरि ६ सदस्यहरूले छोडे । ... खाली वडाहरूमा यो नगर पञ्चायत ऐन जारी हुनुभन्दा अगाडि एक पटक र जारी भैसके पछि एक पटक जम्मा २ पटक निर्वाचन प्रवन्ध भयो । तर एक वडाबाट मात्र दर्खास्त पर्न आयो । दुई पटकसम्म पनि निर्वाचनमा कोही खडा नभएकोले निर्वाचन नियममुताबिक सरकारबाट सदस्य मनोनीत गरी अर्को चुनाव नभएसम्म काम चलाउनू भन्ने भएको छ ।[४१] यो साललाई बाँकी रहेका सदस्य ५ र नियुक्त

[४१] भुवनलाल प्रधान (२०४७ : २५६) ले पनि रिक्त सदस्यका लागि दुई पटक निर्वाचन गर्ने प्रयत्न भएको, पहिलो पटक कसैको पनि उम्मेदवारी नपरेको अनि दोस्रो पटक जम्मा एक जनाको उम्मेदवारी परेको लेखेका छन् । खाली भएका १६ वडामा सरकारबाट सदस्यहरू मनोनीत गरिएकोसमेत प्रधानले उल्लेख गरेका छन् । तर, त्यस लगत्तैको वाक्यमा "यसरी बाँकी चार जना र नयाँ एक जनासमेत जम्मा पाँच जना निर्वाचित सदस्य र दश जना मनोनीत सदस्यहरूले वि.सं. २००७ सालको क्रान्ति कालसम्म पनि काम गर्दै थिए" लेखेका छन् । यदि १६ जना सदस्य पनि मनोनीत गरेका भए जम्मा २६ जना मनोनीत सदस्य पुगेको हुनुपर्ने थियो । आफू स्वयम्

सदस्य १० जम्मा १५ सदस्य रही काठमाडौँ नगर पञ्चायतको काम शुरू भयो । (शर्मा २०१६ : २२८–२२९)

माथि उल्लिखित तीन थरी विवरणले म्युनिसिपलिटीबाट निर्वाचित सदस्यहरूले राजीनामा दिँदा र त्यसले निम्त्याएका परिस्थितिबारेका सरकारी धारणा बताउँछन् । तर, तिनबाट पनि राजीनामाको कारण खुल्दैन (सुवर्ण शमशेरका अनुसार केहीले "स्वास्थ्य वा घरको अनुकूल नमिलेको" भनेका) । असार २००६ मा नेपालस्थित भारतीय दूतावासका एक अधिकारी शान्ति गुप्तासँगको संवादमा मोहन शमशेरले यसो भनेका रहेछन् : "हामीकहाँ एउटा म्युनिसिपलिटी थियो । तर तिनीहरू झगडा गर्न थाले । उनीहरू फण्ड चाहन्थे । स्थानीय सरकारका सबै खर्च सरकारले बेहोर्न सम्भव हुँदैन, र तिमीहरूले नै आफूलाई आवश्यक पर्ने रकम उठाउन सक्नुपर्छ भनेर मैले तिनीहरूलाई भनेँ ।"[४२] सदस्यहरूको राजीनामाको एउटा प्रमुख कारण मोहन शमशेरको आर्थिक असहयोग हुनसक्ने यसले देखाउँछ । म्युनिसिपलिटीका सदस्य भुवनलाल प्रधान (२०४७ : २५५–२५६) तीन ओटा कारण गिनाउँछन् :

प्रथमतः उक्त नगरपालिकालाई प्रभावकारी बन्न पुग्ने पर्याप्त रकम सरकारको तर्फबाट निकासा भएको थिएन । द्वितीयतः अलिकता पनि आधुनिक, प्रजातान्त्रिक कदम चाल्ने प्रस्ताव बैठकबाट पारित हुन कठिन थियो । तृतीयतः उक्त निर्वाचित बोर्डलाई प्रदान गरिएको अख्तियार यसलाई पूर्णतः आधुनिक, समयानुकूल ढङ्गले सञ्चालन गर्न पर्याप्त थिएन । तसर्थ, निर्वाचित सदस्यहरूमध्ये एघार

---

सो म्युनिसिपलिटीका निर्वाचित सदस्य रहेका भए पनि प्रधानले दिएका केही तथ्यमा तलमाथि परेको देखिन्छ ।

[४२] काठमाडौँस्थित भारतीय दूतावासका अधिकारी डा. शान्ति गुप्ताले भारत सरकारका विदेश सचिव केपीएस मेननलाई जुन ९, १९४९ मा पठाएको गुप्ती रिपोर्ट । भारतीयहरूको बुझाइ मोहन शमशेर राजनीतिक सुधारका फिटिक्कै रुचि राख्दैनन् भन्ने देखिन्छ—केन्द्रको के कुरा, स्थानीयमा धरि मोहनको रुचि नभएको उनीहरूको बुझाइ देखिन्छ । गुप्ताको पत्रउपर लेखिएको सचिव मेननको जुन १९, १९४९ को टिप्पणी यस्तो थियो : "द महाराजा अफ नेपाल इज क्वाइट एडामेन्ट अगेन्स्ट द ग्रान्ट अफ एनी रिफर्म्स, इभन म्युनिसिपल !" भारतीय राष्ट्रिय अभिलेखागारको एक्टिभिटिज अफ नेपाली कांग्रेस (फाइल नं. NAIDLF00719081) शीर्षकको फाइल ।

सदस्यले सं. २००४ साल चैत्र २८ गते म्युनिसिपल बोर्डको सदस्यताबाट राजीनामा पेश गरे।[४३]

निर्वाचित प्रतिनिधिहरू रुष्ट भई राजीनामा दिने कारणबारे प्रधानको विवरणले मनग्गे सङ्केत गर्दछ। निर्वाचित सदस्यको राजीनामाबाट खाली भएका ठाउँ भर्नमा सरकारले केही प्रयत्न गरे पनि सो कारगर नभएको प्रधान (२०४७) र सुवर्ण शमशेरको माथि उल्लिखित विवरण (शर्मा २०१६) ले बताउँछ। दोहोऱ्याएर चुनाव घोषणा गर्दा पनि सो संस्थामा सहभागी हुन जनताले कुनै अभिरुचि देखाएन, अर्थात् वहिष्कार गऱ्यो, किनभने सरकारले न सो संस्था सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको थियो न आवश्यक रकम नै उपलब्ध गराएको थियो। अर्थात् सो संस्था "थपना" मात्र थियो। निर्वाचन गर्न असफल भएपछि मनोनीत सदस्यहरू बहुल हुने गरी गठित नगर पञ्चायतले काम शुरू गरे पनि उसले गरेका कुनै निर्णयको फेहरिस्त अघि-अघिको जस्तो *गोरखापत्र*मा प्रकाशन गरेको पाइँदैन। यी सबैले सो म्युनिसिपलिटी वा नगर पञ्चायत अकर्मण्य भएर रहेको अनुमानलाई पुट दिन्छ।

## निष्कर्ष

माथि उल्लिखित विवरणले नेपालमा स्थानीय सरकार गठनको पहिलो-पहिलो प्रयास, त्यस्तो संरचनाले गरेका गतिविधि र संरचनाको असफलता/पतनको कारणलाई केलाउँछ। नेपालमा चन्द्र शमशेरको पालादेखि नै म्युनिसिपलिटी गोश्वारा खडा गरी केही हदमा दुनियाँलाई स्थानीय सरकारको शासन-सञ्चालनमा संलग्न गराउन खोजेको देखिन्छ। त्यसपछि पद्म शमशेरको शासनकालमा अलि विस्तृत रूपमा त्यस्तो प्रयास भएको थियो। तर, त्यति वेला जेठ २४ गते इश्तिहार/सूचना प्रकाशन गरेर जेठ २९ मा (पाँच दिनभित्रै) निर्वाचन सम्पन्न गरिएको थियो, त्यो पनि पहिलो पटक निर्वाचन गराउँदा ! यो एक हिसाबले अचम्मै मान्नुपर्छ। साथै, कस्तो खाले चुनाव, कति प्रतिनिधिमूलक थियो भन्ने प्रश्न सँगसँगै उब्जन्छ। तथापि, जे-जस्तो भए पनि निर्वाचित प्रतिनिधिहरूले गरेको काम केलाउँदा उनीहरूले नीतिगत निर्णयहरूमा धेरै समय खर्चेको, र ती काममा मेहनतै गरेको देखिन्छ। गाउँ/नगरपालिका वा स्थानीय शासनसम्बन्धी कुनै ऐन नभएको परिप्रेक्ष्यमा म्युनिसिपलिटीको साधारण सभाले विभिन्न निर्णयहरू गरेर आफ्नो कार्यक्षेत्र तय गर्दै

[४३] महात्मा गान्धीको हत्या भएपछि म्युनिसिपलिटीले एउटा शोकप्रस्ताव पास गरेको, तर सो पास गर्ने क्रममा मनोनीत सदस्यहरू सभा छाडी बाहिरिएकाले जनप्रतिनिधिको मनमा चिसो पसेको र "भावि प्रधानमन्त्रिको समयमा जनताको इच्छा पूरा हुन नसक्ने विचार गरी जनप्रतिनिधिहरूमध्ये अधिकांशले राजीनामा गरे" भनेर शेषराज दली (२०५१ : ११२) ले लेखेका छन्।

अगाडि बढेको थियो । व्यावहारिक काममा भने उसले खासै भूमिका निर्वाह गर्न सकेको थिएन, जसको मूल कारण तात्कालिक शासकहरूको सो संस्थालाई आवश्यक अधिकार र "फण्ड" नदिनु देखिन्छ ।

२००४ साल सक्किँदा-नसक्किँदा नेपालको आन्तरिक राजनीतिमा परिवर्तन आयो । पद्म शमशेरले संविधान बनाए पनि उनी आफै धेरै दिन सत्तामा टिकिरहन सकेनन्, र भारततर्फ पलायन हुनुपऱ्यो । उनको पलायनसँगै अन्य सुधारहरूका अतिरिक्त स्थानीय सरकार सञ्चालनमा समेत समस्या आयो । निर्वाचित प्रतिनिधिहरूले राजीनामा दिए । नयाँ निर्वाचन गराउने भनेर दु-दुई पटक प्रयत्न गरिए पनि निर्वाचन हुन सकेन । यस्ता समस्या आउनुमा मोहन शमशेरको पछाडि फर्कने कदम जिम्मेवार देखिन्छ । २००६ सालमा भारत भ्रमणमा जाने बखत मोहन शमशेरले पुनः स्थानीय सरकारहरूको गठन गर्ने कामलाई अगाडि बढाउन खोजेको जस्तो देखाएका थिए—यो "पर्फर्मेटिभ एक्शन" मूलतः भारतलक्षित थियो । सुधारका लागि मोहनलाई भारत सरकारको तीव्र दबाब थियो । तर, पहिले आफ्ना पूर्ववर्ती शासकले र आफू स्वयंले पनि नेपालमा सुधार (स्थानीय सरकार) का काम बढाउन खोजे तापनि मूलतः सो दुनियाँहरूकै अरुचि/अज्ञानका कारण असफल हुन गएको उनको जिकिर थियो । यद्यपि, माथि भनिएझैँ, दुनियाँलाई अधिकारसम्पन्न बनाउने उनको कुनै चाह थिएन, र उनकै नीति/असहयोगका कारण नेपालको पहिलो स्थानीय सरकार मृतप्रायः भयो, र पछि राणा शासन समाप्त भएपछि २०१० सालमा मात्र अर्को निर्वाचित म्युनिसिपलिटी गठन हुन सम्भव भयो ।

## धन्यवाद

यो लेख तयारीका क्रममा मलाई सघाउने सबैप्रति आभारी छु । खास गरी प्रत्यूष वन्त तथा तीन जना बाहिरी समीक्षक प्राध्यापक कृष्ण खनाल, प्राध्यापक विपीन अधिकारी तथा डा. इन्द्र अधिकारीलाई उहाँहरूले दिनुभएको सल्लाह, सुझाव तथा टिप्पणीका लागि धन्यवाद दिन्छु । त्यस्तै, जुलाई २०२५ मा आयोजित एनुअल काठमाडौँ कन्फरेन्स अन नेपाल एण्ड द हिमालयमा यो लेखको मस्यौदा प्रस्तुत हुँदा टिप्पणी गर्ने र अन्य सहभागीलाई पनि धन्यवाद । लेखमा बाँकी-बचेका कमी-कमजोरी मेरै हुन् ।

## सन्दर्भ सामग्री

अधिकारी, सूर्यमणि । सन् १९९८ । *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास* । नयाँ दिल्ली : निराला पब्लिकेशन्स ।

आचार्य दीक्षित, नरेन्द्रमणि । २०२७ । नेपाली इतिहासको एक टुक्रा । *नेपाली* ४६ : ७७–९८ ।

उपाध्याय, सीताराम। २००३। सरसफाइमा म्युनिसिपलिटीको ध्यान जाओस्। *गोरखापत्र,* कात्तिक ३०, पृ. २।

गुरुङ, गोपाल। सन् १९८५। *नेपाली राजनीतिमा अदेखा सचाइ*। काठमाडौँ : गोपाल गुरुङ।

गोरखापत्र। १९९९क। नेपालको म्युनिसिपल। पुस १०, पृ. २।

गोरखापत्र। १९९९ख। जग्गा लीलाम, म्युनिसिपलको जनाउ। पुस १०, पृ. २।

गोरखापत्र। २०००क। व्लकहरू विक्रीको सूचना। जेठ १५, पृ. ७।

गोरखापत्र। २०००ख। भ्रमशोधन। असार ११, पृ. ७।

गोरखापत्र। २००१। म्युनिसिपलको सूचना। असोज १८, पृ. ४।

गोरखापत्र। २००३क। सरकारी सूचना। भदौ ११, पृ. ७।

गोरखापत्र। २००३ख। मुलुकको कल्याणको केही आयोजना चाँडै प्रकट गर्नेछु ... भाइ भाइमा झगडा भएमा हाम्रो छाती चिरिन्छ—श्री ३ महाराज। मङ्सिर १८, पृ. १।

गोरखापत्र। २००३ग। सम्पादकीय टिप्पणी : म्युनिसिपल स्यानिटेशन अड्डाको सुस्ती। पुस १७, पृ. २।

गोरखापत्र। २००३घ। श्री ३ महाराजको महत्वपूर्ण भाषण—देशलाई सुसंपन्न बनाउने योजना। फागुन ३, पृ. १, ४।

गोरखापत्र। २००४क। श्री ३ महाराजको भाषण। जेठ १, पृ. १।

गोरखापत्र। २००४ख। श्री ३ महाराजको ऐतिहासिक घोषणा। जेठ ४, पृ. १, ४।

गोरखापत्र। २००४ग। नेपालको नवयुग। जेठ ४, पृ. २।

गोरखापत्र। २००४घ। सुधार समिति। जेठ ८, पृ. १।

गोरखापत्र। २००४ङ। सुधार-समिति। जेठ १३, पृ. २।

गोरखापत्र। २००४च। इश्तिहार। जेठ २४, पृ. १, ४।

गोरखापत्र। २००४छ। सरकारी सूचना। जेठ २४, पृ. १।

गोरखापत्र। २००४ज। म्युनिसिपलिटी निर्वाचन। जेठ २७, पृ. २।

गोरखापत्र। २००४झ। नयाँ काठमाडौँ। जेठ २९, पृ. २।

गोरखापत्र। २००४ञ। सरकारी सूचना। जेठ २९, पृ. ४।

गोरखापत्र। २००४ट। सरकारी सूचना। जेठ ३१, पृ. ४।

गोरखापत्र। २००४ठ। वैधानिक सल्लाहकार फर्के। असार १३, पृ. १।

गोरखापत्र। २००४ड। म्युनिसिपलिटी सदस्यहरूको प्रथम बैठक : सारा सदस्यहरू श्री ३ महाराजका हजुरमा। साउन ३, पृ. १।

गोरखापत्र। २००४ढ। म्युनसिपलिटीमा नयाँ सदस्यहरूको प्रवेश : सभा र पहिलो मिटिङ। साउन ८, पृ. १।

गोरखापत्र । २००४ण । म्युनिसिपलिटी चेयरमेनको स्वागत वक्तव्य । साउन ८, पृ. १ ।
गोरखापत्र । २००४त । हाम्रो सरकार र म्युनिसिपलिटी । साउन ८, पृ. २ ।
गोरखापत्र । २००४थ । म्युनिसिपलिटीको साधारण सभा । भदौ ११, पृ. २ ।
गोरखापत्र । २००४द । म्यूनिसिपल साधारण सभा । भदौ २५, पृ. २ ।
गोरखापत्र । २००४ध । म्यूनिसिपलिटीको सभा । असोज ६, पृ. २ ।
गोरखापत्र । २००४न । म्युनिसिपलिटीको साधारण सभा । असोज १५, पृ. २ ।
गोरखापत्र । २००४प । म्युनिसिपलको सभा । असोज २२, पृ. ४ ।
गोरखापत्र । २००४फ । म्यूनिसिप्यालिटीको सभा । कात्तिक २०, पृ. ४ ।
गोरखापत्र । २००४ब । (सूचना) । कात्तिक २०, पृ. ३ ।
गोरखापत्र । २००४भ । म्यूनिसिप्यालिटीका सभा । कात्तिक २२, पृ. ३ ।
गोरखापत्र । २००४म । म्युनिसिपल साधारण सभा । मङ्सिर ९, पृ. १ ।
गोरखापत्र । २००४य । म्युनिसिप्यालिटीबाट नयाँ तिरोहरूको प्रस्ताव । मङ्सिर १८, पृ. ४ ।
गोरखापत्र । २००४र । म्युनिसिपलिटी-साधारण सभा । मङ्सिर २५, पृ. २ ।
गोरखापत्र । २००४ल । म्यूनिसिपलिटीको सभा । पुस ४, पृ. ३ ।
गोरखापत्र । २००४व । म्यूनसिपलिटीको सभा र प्रस्तावित विषयहरू । पुस ९, पृ. ४ ।
गोरखापत्र । २००४श । म्युनसिपलिटीको सभा र ठहरहरू । पुस १४, पृ. २
गोरखापत्र । २००४ष । म्युनसिपलिटीका ठहरहरू । पुस १६, पृ. २ ।
गोरखापत्र । २००४स । म्युनसिपलिटीका ठहरहरू । पुस २३, पृ. २ ।
गोरखापत्र । २००४ह । म्यूनसिपलिटीका ठहरहरू । पुस २५, पृ. २, ३ ।
गोरखापत्र । २००४क्ष । म्युनसिपलिटीका ठहरहरू । माघ १, पृ. ३ ।
गोरखापत्र । २००४त्र । श्री ३ महाराजको सन्देश । माघ ६, पृ. १ ।
गोरखापत्र । २००४ज्ञ । म्युनसिपलिटीका ठहरहरू । माघ ६, पृ. २ ।
गोरखापत्र । २००४कक । विधान घोषणाको समारोह । माघ १४, पृ. १, ४ ।
गोरखापत्र । २००४कख । म्युनसिपलिटीका ठहर । माघ १५, पृ. ३ ।
गोरखापत्र । २००४कग । म्युनिसिपल साधारण सभाका ठहरहरू । माघ २२, पृ. २ ।
गोरखापत्र । २००४कघ । म्यूनिसिपल साधारण सभा । माघ २९, पृ. ३ ।
गोरखापत्र । २००४कङ । म्यूनिसिपल सभाका केही प्रस्तावहरू । फागुन ८, पृ. २ ।
गोरखापत्र । २००४कच । काठमाडौँ म्युनिसिपल समितिको विज्ञप्ति । फागुन ८, पृ. २ ।
गोरखापत्र । २००४कछ । ललितपुर, भक्तपुर । फागुन ११, पृ. ४ ।
गोरखापत्र । २००४कज । सरुवा रोगहरूको बचाउ : म्युनिसिपल सभाका प्रस्तावहरू । फागुन १३, पृ. २ ।

गोरखापत्र । २००४कझ । निर्वाचित म्युनिसिपल सदस्यहरू । फागुन १३, पृ. ४ ।

गोरखापत्र । २००४कञ । आफै नेपाल राष्ट्रिय कांग्रेस नाम लिई खडा भएको संस्था वा त्यसका सदस्यहरूलाई नेपाल राज्यभर हद गरिबक्सेको छ—इश्तिहार । चैत ३१, पृ. १ ।

गोरखापत्र । २००५क । नगर पञ्चायती ऐन बन्दै छ । वैशाख १४, पृ. १ ।

गोरखापत्र । २००५ख । ग्राम पञ्चायत खडा हुँदैछन् । वैशाख १४, पृ. १ ।

गोरखापत्र । २००५ग । सरकारी सूचना । वैशाख २१, पृ. ४ ।

गोरखापत्र । २००५घ । (शीर्षक नभएको) । असार १२, पृ. ३ ।

गोरखापत्र । २००६ । श्री ३ महाराजको भाषण । माघ १०, पृ. १ ।

गोरखापत्र । २००७क । नगर पञ्चायत । वैशाख २६, पृ. १ ।

गोरखापत्र । २००७ख । नगर पञ्चायत । वैशाख २८, पृ. १ ।

गोरखापत्र । २००७ग । म्युनिसिपलिटीको नाउँ नगर पञ्चायत । भदौ ९, पृ. १ ।

गोरखापत्र । २०१०क । सरकारी सूचना : उमेदवारहरूको अन्तिम नामावली । भदौ १०, पृ. ४ ।

गोरखापत्र । २०१०ख । सरकारी सूचना : काठमाडौँ नगरपालिकाको निर्वाचन फल । भदौ २४, पृ. ४ ।

गौतम, राजेश । २०४६ । *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका* । काठमाडौँ : लेखक ।

गौतम, राजेश । २०५५ । *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

दली, शेषराज । २०५१ । *मेरो स्मृतिपटल उघार्दा* । काठमाडौँ : ढुङ्गा अड्डा प्रकाशन ।

दली, शेषराज । २०५७ । *नेपालको राजनैतिक छवि-सतहबाट (अतितको संझना)* । काठमाडौँ : शेष-हीरा प्रतिष्ठान ।

दीक्षित, कमल । २०३६ । कहाँको कहाँ । *कालो अक्षर* । पृ. ८७–९६ । काठमाडौँ : साझा प्रकाशन ।

निर्वाचन आयोग । २०७३ । *नेपालको निर्वाचन इतिहास* । काठमाडौँ : निर्वाचन आयोग ।

नेराकां (नेपाली राष्ट्रिय कांग्रेस) । सन् १९४८ । *नेपाल और उसका नवजागरण ।* बनारस : प्रचार विभाग, नेराकां ।

पन्त, नयराज । २०३६ । *श्री ३ महाराज पद्मशम्शेरका कुरा* । काठमाडौँ : संशोधन मण्डल ।

पराजुली, लोकरञ्जन । सन् २००६ । *शारदा*मा नेपाली राजनीतिको प्रतिविम्ब । *कान्तिपुर,* फेब्रुअरी ५, पृ. ७ ।

पराजुली, लोकरञ्जन । २०७८ । राणाकालीन महिला : 'भाग्य चिट्ठा' बहस । *हिमाल,* फागुन, पृ. ८४–८५ ।

पराजुली, लोकरञ्जन । सन् २०२१ । प्रोपागाण्डा-औजारको रूपमा रेडियो : नेपालमा रेडियो स्थापना र प्रसारणको प्रारम्भिक इतिहास । समाजशास्त्र केन्द्रीय विभागद्वारा आयोजित "नेशनल कन्फरेन्स अन कन्टेम्पोररी इश्युज अन सोसियोलोजी अफ नेपाल" मा प्रस्तुत अनुसन्धान-पत्र, नोभेम्बर २१–२२, काठमाडौँ ।

पराजुली, लोकरञ्जन । सन् २०२२क । पुरुष (उत्थान) का लागि महिला शिक्षा : राणाकालको उत्तरार्धमा नेपालमा स्त्री-शिक्षाको बहस । *नेपालमा विद्यालय शिक्षा : इतिहास, राजनीति र समाज* । लोकरञ्जन पराजुली, प्रत्यूष वन्त, देवेन्द्र उप्रेती, स., पृ. ११७–१६४ । काठमाडौँ : मार्टिन चौतारी ।

पाँडे, भीमबहादुर । २०७१[२०४०] । *त्यस बखतको नेपालः राणाकालीन आखिरी तीन दशक* । चौथो भाग । काठमाडौँ : लेखक ।

प्रधान, भुवनलाल । २०४७ । *नेपालको जनक्रान्ति २००७* । काठमाडौँ : रुमु प्रकाशन ।

प्रसाद, माधवजी । २००३ । म्युनिसिपलिटीले कर्तव्य पालन गरेन । *गोरखापत्र,* भदौ २५, पृ. ३ ।

भट्टराई, मदनकुमार । २०८१ । *नेपालको परराष्ट्र सम्बन्ध : सङ्क्रमणकाल र प्रो. नरेन्द्रमणि दीक्षित* । काठमाडौँ : इम्प्रिन्ट पब्लिशर्श ।

मास्के, नरेन्द्रलाल । २००३ । म्युनिसिपलिटी काम । *गोरखापत्र,* मङ्सिर १८, पृ. ३ ।

रेग्मी, शिव, सं. । २०५८ । *"शारदा" का सम्पादकीय विचारहरू (१९९१–२०२०)* । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

वैद्य, तुलसीराम र त्रिरत्न मानन्धर । २०५३ । *आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८–१९५१)* । काठमाडौँ : नेपाल र एशियाली अध्ययन केन्द्र ।

शर्मा, ढुण्डिराज । २०१६ । *पार्लियामेण्ट र सलाहकार सभा ।* काठमाडौँ : नेपाल एकेडेमी ।

शारदा । २००५ । जेठ १४ गते ऐतिहासिक सिन्दूरयात्राको शुभ अवसरको दिनमा श्री ३ महाराज मोहनशम्शेर ज.वा.रा.बाट बक्सेको महत्वपूर्ण भाषण । १४(१–२): २–११ ।

सिंह, गणेशमान । २०५८ । *मेरा कथाका पानाहरू* । भाग १ । माथवरसिंह बस्नेत, सं. । काठमाडौँ : आयाम प्रकाशन ।

सिंह, मंगला देवी । २०५१ । *नारी संघर्षका पाइलाहरू* । काठमाडौँ : पी.एल. सिंह ।

सिवाकोटी, शेषराज । २०४९ । नेपालमा सम्वैधानिक सुधार गर्ने सम्बन्धमा प्रधानमन्त्री पद्म शम्सेर राणालाई दिइएको अर्को सुझाव । *संविधान सम्बन्धी लेखहरूको संगालो* । भाग ५ । अनूप राज शर्मा, सं., पृ. ६४–७० । काठमाडौँ : नेपाल कानून समाज ।

स्थापित, बिकिल । सन् २०१९ । *हराएको इतिहास : जननिर्वाचित प्रथम मेयर तथा न्यायाधीश जनकमान श्रेष्ठको जीवन गाथा* । काठमाडौँ : चेतना प्रकाशन ।

Amatya, Shaphalya. 2004. *Rana Rule in Nepal*. New Delhi: Nirala Publications.

Baral, L.S. and A. Appadorai. 2012. The 1959 Constitution of Nepal. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 55–90. Kathmandu: Martin Chautari.

Parajuli, Lokranjan. 2012. From Controlling Access to Crafting Minds: Experiments in Education in Late Rana Nepal. *Studies in Nepali History and Society* 17(2): 297–331.

Parajuli, Lokranjan. 2021. Radio as a Propaganda Tool: The History of Broadcasting in Nepal/i. Paper presented at the Annual Kathmandu Conference on Nepal and the Himalaya. July, Kathmandu.

Parajuli, Lokranjan. 2022 kha. Concocting the Parliament: A Tale of a Momentary Institution. Paper presented at the Annual Kathmandu Conference on Nepal and the Himalaya. July, Kathmandu.

Shaha, Rishikesh. 1990. *Modern Nepal: A Political History, 1769–1955*. Vol. II: 1885–1955. Meryland: The Riverdale Company.

The Searchlight. 1947a. Mr. Sri Prakash Reaches Nepal. June 14, p. 2.

The Searchlight. 1947b. Reforms in Nepal. June 20, p. 2.

Tiwari, Sudarshan Raj. 2002. *The Brick and the Bull: An Account of Handigaun, the Ancient Capital of Nepal.* Kathmandu: Himal Books.

## लेखक परिचय

**लोकरञ्जन पराजुली** ऐतिहासिक समाजशास्त्री हुन् । उनको सह/सम्पादनमा एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन् । उनले शिक्षा, सार्वजनिक वृत्त, पुस्तकालय, राजनीति, नागरिक समाज, मिडिया, आदिबारे लेखेका छन् । *सन्धिकाल : सामाजिक परिवर्तनका आधारभूमि* (पब्लिकेसन नेपा~लय, सन् २०२६) उनको पछिल्लो पुस्तक हो । उनी *समाज अध्ययन*का साथै *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का सम्पादन समूहका सदस्य हुन् । ईमेल : rameshparajuli@gmail.com

## अनसूची १ : राजनीतिक सुधारबारे राय लिन पद्म शमशेरले आफ्ना भाइ-भारादारलाई बाँडेको प्रश्नावली[४४]

संसारभर जहाँ पनि democracy वा responsible govt प्रचलित भएको र २ ।४ मुलुक जहाँ हाल छन्, तहाँ पनि democracy नै आखिर खडा गर्नुपर्छ भन्ने भाव र विचार साह्रा जगत्मा फैलिएको सबैलाई विदितै हुनुपर्छ । फेरि हिन्दूस्थानमा पनि अब परिस्थिति चाँडै निक्कै बदलिने पक्का भइ Indian States मा समेत धमाधम Constitutional reforms introduce गरी रहेकाले हामीले मात्र यो force कती रोक्न सकौंला भन्ने लाग्दछ । तसर्थ हामीले पनि हालैमा राजनीतिक सुधार केही नगरेमा पछि बाहिरबाट या भित्रैबाट पनि कर लागि गर्नु परेमा झन् नराम्रो नतिजा होला ।

१) केही change वा reform गर्ने कि नगर्ने?

२) गर्नुपर्ने ठहराउँछौ भने कुन प्रकारको गरे हाम्रो देश र परिस्थितिलाई सुहाउँदो होला?

३) हाम्रो विचारमा त हाललाई एउटा body consisting of nominated and elected members खडा गरी सो body मा शुरूको लागि—

| | | | | |
|---|---|---|---|---|
| क) मधेशबाट जेट रैती र जिमिदारले छानेको सदस्य | | | | ... ४ |
| ख) पहाडबाट | ऐ | ऐ | ऐ | ... ४ |
| ग) राजधानीबाट भाइभार्दारले छानेको सदस्य | | | | ... २ |
| घ) | ऐ | पढेलेखेका भलाद्मीले | ऐ | ... २ |
| ङ) | ऐ | महाजनहरूले | ऐ | ... २ |
| | | | | १४ |
| च) nominated members | | | | १४ |

जम्मा–२८ राख्न कसो?

४) पहिले शुरूमा इनिहरूलाई Law of the land को reforms बारे discuss गर, हाल यो काम तिमीहरूलाई तालिम दिन सुम्पिएको हो, पछि कामको वाकिफ हुँदै गएपछि अरू

[४४] यो प्रश्नावली पन्त (२०३६) र पाँडे (२०७१[२०४०]) मा समेत उद्धृत छ । आचार्य दीक्षित (२०२७) लाई नै पन्तले उद्धृत गरेका छन्, तर अङ्ग्रेजीमा राखिएका शब्दलाई उनले देवनागरीमा दिएका छन् । पाँडेले स्रोत खुलाएका छैनन् । उनले पनि अङ्ग्रेजीमा दिइएका शब्दलाई देवनागरीमा राखेका छन्, तर आचार्य दीक्षितको र उनकोमा थोरै भिन्नता देखिन्छ । पद्म शमशेरले गठन गरेको सुधार समितिमा आचार्य दीक्षितसमेत संलग्न भएकाले उनले दिएको विवरणलाई नै यहाँ उद्धृत गरिएको छ ।

more responsible काम पनि दिनेछु भनी announce गर्ने । तर राजकाजी र जङ्गी ऐनमा हाल discuss गर्न नदिने ।

५) यहाँका र जिल्ला जिल्लाका municipal elected bodies द्वारा चलाउन र पुरा जिम्मा उनीहरूलाई नै दिन बन्दोबस्त गर्ने ।

६) Civic Rights – Freedom of speech, press and association मध्ये कति सम्म दिन ठीक पर्ला?

७) यो reforms को नतिजा हेरी २।२ वर्षवाद revise गरी बढी अखत्यारी दिनेछु भन्ने पनि announce गर्नुपर्ला ।

भूमिकाको एक जवाफ अरू दफा-दफाको एक जवाफ लेखी महत्वपूर्ण कुरा हुनाले राम्रो विचार गरी, १५ दिन भित्र चढाउनु ।

माघ, २००३ ।

*स्रोत : आचार्य दीक्षित (२०२७ : ७८–७९) ।*

## अनुसूची २ : काठमाडौँ म्युनिसिपलिटीमा निर्वाचनका लागि पद्म शमशेरले जारी गरेको इश्तिहार

### इश्तिहार

आगे जागिरे ढाक्रे साहु महाजन रैती दुनियाँ गैह्रके यथोचित, उप्रान्त हाम्रो मुलुकको सुधारबारे २००४ साल ज्येष्ठ ३ गते हामीबाट बक्सेको भाषणबमोजिम सुधारको पहिला किस्ता स्वरूप भरमुलुकमा निर्वाचित म्युनिसिपलिटीहरू खडा गर्ने निकासा बक्सेको छ । सबै ठाउँमा एकैचोटी निर्वाचनको काम गर्न नभ्याउने र मुश्किल पर्नेसमेत हुनाले पहिले काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन अर्थात् प्रतिनिधि छान्ने गरिबक्सेको छ । उत्तर महाराजगञ्ज, दक्षिण बागमती, पूर्व धोविखोला र पश्चिम विष्णुमती हाल तोकिएका यी ४ किल्लाभित्र काठमाडौँ म्युनिसिपलिटी रहने भएकोले सो ४ चार किल्लाभित्रको क्षेत्रफल यो पहिला पटक साविकवमोजिम २१ विभाजित गरी सो १।१ ओडाबाट दुनियाँले १।१ सदस्य छान्ने गरिबक्सेको हुनाले सदस्य छान्दा २५ वर्ष पुगिसकेका लोग्ने मानिसहरुलाई मात्र छान्ने र सो छान्ने मानिसहरुमा पनि २१ वर्ष नाघिसकेका लोग्ने मानिसहरुले मात्र भोट गर्न पाउनेछन् । काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन गर्ने काम यही ज्येष्ठ २९ गते बुधवारका दिन ११ बजेदेखि ३ बजेतक गर्ने मुकर्रर भएको छ । यस काममा तिमीहरुको मद्दतका निमित्त खटिएका कर्मचारीहरुको रेखदेखमा म्युनिसिपलिटीको काम गर्न सक्ने तिमीहरूको प्रतीतको असल, लायक, अनुभवी प्रतिनिधि छानी पठाउने काम गर । निज छानिएका प्रतिनिधिहरुले हालसाललाई अहिले भैराखेको नियम सवालबमोजिम काम

चलाई निर्वाचनसम्बन्धी नियम म्युनिसिपलिटीका इलाका र वडा छुट्याउने भोटरहरुको नामावली तयार गर्ने र अरू चाहिएका आधुनिक नियमहरु समेत तयार गरी जाहेर गर्नेछन् । इति सम्बत २००४ साल ज्येष्ठ गते रोज शुभम्.

*स्रोत : गोरखापत्र (२००४च : १, ४) ।*

## अनुसूची ३ : २००४ सालको काठमाडौँ म्युनिसिपलिटीको निर्वाचनमा उम्मेदवार भएकाहरूको सूची

२००४/२/२४/६ को इश्तिहारबमोजिम म्युनिसिपलिटीको सदस्य छानिनेमा तपसीलका ब्लकहरूबाट तपसीलका मानिसहरू उम्मेदवार भै खडा हुन आएका छन् । त्यसमध्ये एक उम्मेदवार मात्र आएका ब्लकहरूमा भोट लिनु आवश्यक नहुँदा टिकट खसाल्ने ढ्वाङ रहने छैन । एक भन्दा बढी उम्मेदवार खडा भयएका ब्लकका तपसीलका ठाउँमा ढ्वाङहरू रहने छन् ।

**तपसील**

| ब्लक नं. | नाम, थर | वतन [ठेगाना] | ढ्वाङ रहने ठाउँ [मतदान स्थल] |
|---|---|---|---|
| १ | १) गुरु गेहेन्द्रनाथ पं.ज्यू | थापाथली, कुरियागाउँ | बबरमहल पछाडि ब्यारेक जाने ठाउँका पुलनेर पसल भएका ठाउँ । |
| | २) (?) मोहनमणी उपाध्याय | ऐ. | |
| | ३) विष्णुप्रसाद | ऐ. | |
| | ४) चुडामणी | ऐ. | |
| २ | १) (?) भुपध्वज कार्की | त्रिपुरेश्वर | सानो टुँडिखेल |
| | २) भेषराज शर्मा | ऐ. | |
| | ३) नरेशमान सिं एम.ए. | भोटेबहाल | |
| ३ | १) मोहनबहादुर डङ्गोल | गोफले | गोफले पचली जाने दोबाटो गणेशस्थान |
| ४ | १) मा. विष्णुलाल डङ्गोल | ब्रह्मटोल | लगन मत्क्षेन्द्र राख्ने ठाउँ |
| | २) भक्तिराज राजभण्डारी | त्याबहाल, दलाक्षी | |
| | ३) तेजराज उपाध्याय | गोफलेटोल | |
| | ४) सु. पृथ्वीमान श्रेष्ठ | लगन | |
| ५ | १) हरिकृष्ण श्रेष्ठ | झोंछे | गद्दी दरबारदेखि दक्षिणपट्टि (?)टक, |

| | | | |
|---|---|---|---|
| ६ | १) त्रिपुरवरसिं प्रधान | खिचापोखरी | ब.का. मरीचिमानका घर अगाडिको चउरमा |
| ७ | १) ख. मुक्तिलाल झा | तगीटोल | जैसीदेवल |
| | २) कर्णबहादुर श्रेष्ठ | भीमसेनस्थान | |
| | ३) सूर्जेप्रसाद गोर्खाली श्रेष्ठ | जैसीदेवल, टुकबहाल | |
| | ४) धर्मरत्न तुलाधर | मरु ख्यकेव | |
| ८ | १) रामभक्त मानन्धर | यटखा | वटुटोलको डबली |
| | २) वैद्य पन्नाप्रसाद जोशी | वटु गुच्चाटोल | |
| ९ | १) पूर्णबहादुर श्रेष्ठ एम.ए. | किलागल | भूकम्प स्मारक |
| १० | १) साहु उदयलाल श्रेष्ठ | भोटाहिटी | चिकअट गणेस्थाननिर पाटी |
| ११ | १) भुवनलाल प्रधान | ठेटा | डबली |
| १२ | १) पुष्करलाल मास्के | काठे | सिम्भु |
| | २) पूर्णनारायण प्रधान | न्हैकन्तकला | |
| १३ | १) मा. कृष्णबहादुर मानन्धर बी.ए. | नेटपाचा | बुढीखेल |
| | २) मा. देवीप्रसाद रिमाल | धोवीचौर | |
| १४ | १) शेषराज दली एम.एस्सी. | मरुहिटी | यटखा बहाल |
| | २) जीवनाथ लोहनी | यटखा | |
| १५ | १) मा. सुवर्णलाल भट्टराई | पकनाजोल | अस्वीकृत(?) |
| | २) प्रा. यदुनाथ खनाल | पकनाजोल | पकनाजोल |
| | ३) योगनाथ प्याकुर्‍याल | ठमेल, सल्लाघारी | |
| | ४) क.प. देवन?? माझी, वि.कम. | नयाँबजार | |
| १६ | १) डेरी एक्सपर्ट गौरीप्रसाद उपाध्याय | ठमेल | ठमेल, काठगोदाम अगाडि |
| | २) ख. भूपालसिङ् प्रधान | ऐ. | |
| | ३) ख. प्रकाशमान | ऐ. | |
| | ४) सु. विक्रमबहादुर माझी | अस्वीकृत | |
| १७ | १) इश्वरीप्रसाद रिमाल (होमियोप्याथिक) | महाराजगञ्ज | श्री क.ज. हिरण्य शमशेर जबराको ढोका अगाडि चौर |

| | | | |
|---|---|---|---|
| | २) हे.मा. इश्वरीराज अर्याल | गैह्रीधारा | |
| १८ | १) पं. तेजशङ्कर उपाध्याय | महाराजगञ्ज | पानीपोखरी उत्तर पुलिस स्ट्याण्ड |
| १९ | १) हे.मा. शारदाप्रसाद उपाध्याय बीएबीटी | भाटभटेनी | भाटभटेनी |
| | २) कृष्णकुमार क्षेत्री | हाँडीगाउँ | |
| २० | १) पं. शेषराज शर्मा शास्त्री | नागपोखरी | |
| | २) मा. रामजीप्रसाद शर्मा बी.ए. | | |
| | ३) मोहनप्रताप शाह | | |
| २१ | १) प. शङ्कर देव पन्त एम.ए. | डिल्लीबजार | पुतलीसडक |
| | २) पुष्करनाथ उप्रेती | कालिकास्थान | |
| | ३) तीर्थनाथ अधिकारी | धोवीधारा | |
| | ४) गङ्गाबहादुर बस्नेत | कमलपोखरी | |

--म्युनिसिपलिटी गोश्वारा

*स्रोत : गोरखापत्र (२००४ज : ४) ।*